# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४ | काठमाडौं | सोमबार, १४ वैशाख २०८३ | Prabhab National Daily | Monday, 27 April 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# स्थायी व्यवस्थापनको पर्खाइमा सुकुमबासी

## सरकारले सार्वजनिक गरेन स्थायी व्यवस्थापनको योजना



कीर्तिपुरस्थित होल्डिङ सेन्टरमा राखिएका सुकुमबासीहरू । *तस्बिर सौजन्यः कामपा*

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले काठमाडौंका थापाथली, शान्तिनगर, गैरीगाउँ र मनोहरामा सरकारी जग्गा अतिक्रमण गरी बस्ती बसालेका घरटहरा डोजर लगाएर भत्काएको छ । घरटहरा भत्काएसँगै त्यहाँ बस्ने परिवारलाई काठमाडौंमा तोकिएका विभिन्न 'होल्डिङ सेन्टर' पुग्न सरकारले आग्रह गरेको छ ।

काठमाडौं उपत्यका विकास प्राधिकरणका अनुसार ती सुकुमबासी बस्तीमा ८७१ परिवार थिए । उनीहरूको कोही डरले सम्पर्कमा आइनसकेको र कोही विभिन्न 'होल्डिङ सेन्टर'मा पुगिसकेको प्राधिकरणले जनाएको छ । थापाथलीमा १४३, गैरीगाउँमा १६२, गोठाटारमा ७७, शान्तिनगरमा ४७६ तथा मनोहरा टोलमा १३ गरी कूल ८७१ परिवार रहेकामा उनीहरू विस्तारै सम्पर्कमा आउन थालेका छन् ।

शनिबार र आइतबार आफ्नो बस्ती छाडेका परिवारलाई 'स्क्रिनिङ' गर्न र

- थापाथलीमा १४३, गैरीगाउँमा १६२, गोठाटारमा ७७, शान्तिनगरमा ४७६ तथा मनोहरा टोलमा १३ गरी कूल ८७१ परिवार रहेको तथ्यांक
- आइतबारसम्म ५४७ परिवारले टिपाए आफ्नो विवरण
- विस्थापित सुकुमबासीलाई कीर्तिपुरको सत्संग भवन, माछापोखरी र बालाजुका लज तथा होटलमा व्यवस्थापन
- दुई साताभित्र नागार्जुन-१ स्थित सरकारी अपार्टमेन्टमा राख्ने सरकारको तयारी

नाम दर्ता गराउन काठमाडौंको त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा 'होल्डिङ सेन्टर' तोकिएको छ । आइतबार रंगशालामा पुगेकी शान्तिनगरकी कर्णमायाले होल्डिङ सेन्टरमा आफूलाई तीन पुस्ते विवरण सोधिएको बताइन् । यद्यपि अब कुन ठाउँ लगेर राख्ने भन्ने विषयमा कुनै जानकारी नदिएको बताइन् । 'तीन पुस्ते सोधे । कहाँ लाने कहाँ जाने भन्ने केही भनेका छैनन्,' कर्णमायाले भनिन् ।

कर्णमायाझैं आइतबार साँझसम्म रंगशालामा नाम टिपाउने परिवारको संख्या ५४७ पुगेको छ । रंगशालामा बागमती सभ्यता एकीकृत विकास समिति र उपत्यका विकास प्राधिकरणले सुकुम्बासी परिवारको नाम प्रमाणीकरण गरिरहेका छन् । समिति र प्राधिकरणले बेग्लाबेग्लै डेस्क राखेर नाम टिपिररहेको र प्राधिकरणमा नाम टिपाउनेको संख्या २१७ पुग्दा समितिमा ३३० परिवारले नाम टिपाएका छन् ।

यसरी नाम टिपाउनेहरू २१८ परिवारले आफ्नो परिवारको नाम रूजु गरिसकेका छन् । रूजु भइसकेकामध्ये थापाथलीका ६६ परिवार, गैरीगाउँका ४३ परिवार, सिनामंगलका २१ परिवार, शान्तिनगरका ५८ परिवार र मनोहराका ३० परिवार छन् ।

क्रमशः पृष्ठ २ मा

# अतिक्रमित जग्गा फिर्ता माग्दै त्रिवि

## क्रिकेट रंगशालासहितका संरचना खाली गर्न ३५ दिने अल्टिमेटम

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशनपछि राजधानीमा सुकुम्बासी बस्ती हटाउने क्रम चलिरहेकै समय त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले पनि आफ्नो स्वामित्वमा रहेको अतिक्रमित जग्गा फिर्ता ल्याउने प्रक्रिया तीव्र बनाएको छ ।

त्रिविले लामो समयदेखि विभिन्न संघसंस्था, सरकारी निकाय र निजी प्रयोगमा गएका आफ्नो जग्गा फिर्ता ल्याउने निर्णय गर्दै खाली गर्न ३५ दिने अल्टिमेटम जारी गरेको छ । त्रिविको सामान्य प्रशासन महाशाखाले सूचना जारी गर्दै विश्वविद्यालयको स्वामित्वमा रहेको अतिक्रमित जग्गा खाली गर्न सम्बन्धित सबै पक्षलाई निर्देशन दिएको हो । उक्त सूचनामा १८ वटा संघसंस्था र संगठनलाई औपचारिक पत्राचार गरी ३५ दिनभित्र जग्गा खाली गर्न भनिएको छ ।

त्रिविका अधिकारीहरूका अनुसार यो कदम आकस्मिक नभई लामो समयदेखि संकलित तथ्य र प्रतिवेदनको आधारमा चालिएको हो । तर, सरकारको पछिल्लो सक्रियताले यसलाई कार्यान्वयनतर्फ लैजान थप सहज भएको देखिएको छ ।

त्रिविको 'जग्गा तथा अचल सम्पत्ति छानबिन समिति'को प्रतिवेदनअनुसार कीर्तिपुर परिसरभित्रमात्रै करिब एक हजार ५०० रोपनी जग्गा विभिन्न संघसंस्थाले प्रयोग गरिरहेका छन् । त्रिविले अतिक्रमणमा रहेका जग्गा फिर्ता ल्याउन विभिन्न निकायलाई छुट्टाछुट्टै पत्र पठाउन थालेको छ । यसै क्रममा नेपाल क्रिकेट संघ (क्यान)लाई पनि त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला खाली गर्न पत्राचार गरिएको छ ।

क्यानले त्रिविसँग जग्गा लिजमा लिएर क्रिकेट रंगशाला सञ्चालनमा ल्याएको थियो । क्यान र त्रिविबीचको सम्झौता अवधि यही वैशाख मसान्तमा सकिँदै छ । त्रिविका सामान्य प्रशासन प्रमुख राजबहादुर राईका अनुसार यसपटक सम्झौता नवीकरण गर्ने पक्षमा विश्वविद्यालय छैन । उनले भने, 'सम्झौता सकिएपछि नवीकरण नगर्ने भएको छ । रंगशाला त्रिविले शैक्षिक प्रयोजनका लागि प्रयोग गर्छ ।'

तर, नेपाल क्रिकेट संघ क्यानका प्रवक्ता छुम्बी लामाले त्रिविबाट पत्र प्राप्त नभएको बताएका छन् । उनले सार्वजनिक बिदाका कारण पत्र क्यानमा आइपुग्न ढिला भएको हुनसक्ने बताए । उनका अनुसार त्रिविसँग सम्झौता नवीकरणको प्रयास भइरहेको छ ।

यस्तोमा त्रिवि क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको रंगशाला बनाउने गुरुयोजना सुशीला कार्की सरकारले स्वीकृत गरिसकेको छ । बजेट करिब १० अर्ब छ । उसो त पूर्वप्रधानमन्त्रीहरू केपी शर्मा ओली र पुष्पकमल दाहालको पालामा पनि रंगशाला निर्माणका लागि विभिन्न पहल भएका थिए । अब भने अन्तर र्राष्ट्रियस्तरको रंगशाला बनाउन बजेट स्वीकृत भइसकेको अवस्थामा त्रिविले मैदान खाली गराउन अल्टिमेटम दिएपछि परियोजनाको भविष्य अन्योलमा परेको छ । यता त्रिवि भने सम्झौता नगरेर जग्गा फिर्ता लिने पक्षमा छ ।

त्रिविको जग्गा क्यानमात्रै होइन, विभिन्न सरकारी तथा गैरसरकारी निकायले पनि प्रयोग गर्दै आएका छन् । केही संस्थाले त्रिविको स्वीकृतिमा जग्गा पाएका छन् भने कतिपयले विनास्वीकृति कब्जा गरी प्रयोग गरिरहेका छन् ।

विभिन्न अनुसन्धान केन्द्र, बैंक, संघसंस्था तथा सुरक्षा निकायलाई समेत त्रिविले विभिन्न समयमा जग्गा उपलब्ध गराएको देखिन्छ । यद्यपि, केही संस्थाले सम्झौताविपरीत थप क्षेत्र ओगटेको वा प्रयोजनभन्दा फरक उपयोग गरेको छानबिन प्रतिवेदनबाट खुलिसकेको छ ।

त्रिविको जग्गा खोजबिन प्रतिवेदनमा ५०५०-३-१-१ रोपनी क्षेत्रफल जग्गा त्रिविको रहेको उल्लेख छ । कालान्तरमा कब्जा हुँदै गयो । केहीले स्वीकृति लिएर भोगचलन गरे भने केहीले विनास्वीकृति कब्जा गरेको प्रतिवेदनमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा





### त्रिविको जग्गा कसको नियन्त्रणमा कति ?

- बिपी प्लानेटोरियम तथा अब्जरभेटरीः १६० रोपनी
- कृषि बागबानी केन्द्रः २८१ रोपनी
- आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रः २५ रोपनी
- काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डः ८२ रोपनी
- महानगरीय प्रहरी वृत्त कीर्तिपुरः पाँच रोपनी
- महानगरीय प्रहरी वृत्त कालिमाटीः चार रोपनी
- नेपाल प्राध्यापक संघः ६ रोपनी १२ आना
- नेपाल क्रिकेट संघः ७६ रोपनी ४ आना ३ दाम
- ल्याबोरेटोरी माध्यमिक विद्यालयः १०८ रोपनी १४ आना दुई पैसा तीन दाम
- नेपाल नेत्रज्योति संघः १० रोपनी

> त्रिविले पठाएको पत्र पाएकै छैन । सम्झौता नवीकरणको प्रयासमा छौं ।
>
> ■ **छुम्बी लामा**
> प्रवक्ता, नेपाल क्रिकेट संघ

> सम्झौता सकिएपछि नवीकरण नगर्ने भएको छ । रंगशाला त्रिविले शैक्षिक प्रयोजनका लागि प्रयोग गर्छ ।
>
> ■ **राजबहादुर राई**
> सामान्य प्रशासन प्रमुख, त्रिवि

**सन्दर्भः वैदेशिक रोजगार**

### नयाँ सरकारको एक महिना

# फेरिए श्रममन्त्री, फेरिएन कार्यशैली



> मुख्य कुरा नीतिगत सुधार आवश्यक छ । जहाँ समस्या छ त्यसलाई संशोधन गर्नुपर्छ । सेवा शुल्क निर्धारण गर्दियो भने राज्य, श्रमिक, व्यवसायी, सबैलाई राम्रो हुन्थ्यो । नीतिगत सुधारका लागि भनेर कार्यदल त गठन गरेको हो तर अहिलेसम्म बैठक बसेको छैन ।
>
> ■ **भुवनसिंह गुरुङ**
> अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



> प्रारम्भिक कामलाई हेर्दा फरक काम गर्ने लक्षण देखिएको छैन । समस्याको मुलमा हिर्काउन हामी स्रोत मुलुक भएकाले भर्नाको चरणमा हुने शोषणमा प्रहार गर्नुपर्छ । यसका लागि योजना बनाइएको छैन ।
>
> ■ **रामेश्वर नेपाल**
> श्रमविद्

■ **ममता थापा**

**काठमाडौं–** नयाँ सरकार गठन भएको एक महिना बित्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दुईजना मन्त्री पायो । महिना नपुग्दै मन्त्री फेरिए पनि मन्त्रालयबाट हुने सेवा प्रवाहमा नयाँपन देखिएको छैन । नयाँ मन्त्रीबाट फरक ढंगले काम गर्ने लक्षण नदेखिएको भन्दै सरोकारवालाहरूले आलोचना गर्न थालेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफ्नो सरकारले प्रत्येक सेकेण्डमा परिणाम दिनेगरी काम गर्ने उद्घोष गरेका थिए । तर श्रम मन्त्रालयको नेतृत्व श्रम क्षेत्र नबुझेकाको हातमा पर्दा तत्काल कामभन्दा अध्ययनमै केन्द्रित भएको देखिन्छ ।

त्यसो त सरकार गठन भएको १४ दिनमै विवादमा मुछिएपछि श्रममन्त्री दीपककुमार साहलाई रास्वपाले फिर्ता बोलायो । चैत २७ गते साहलाई हटाइएपछि रामजी यादवलाई नयाँ श्रममन्त्री बनाइयो । यादव श्रममन्त्री भएको आइतबार १५ दिन पुगेको छ । यादवलाई मन्त्री भएपछि के-के गर्नुहुन्छ ? भनेर सोध्दा आफूले धेरै कुरा नबुझेकाले बुझेर अघि बढ्छु भनेका थिए । हरेक






**रामजी यादव**, श्रममन्त्री

सेकेण्डमा परिणाम दिने भनेको सरकारका मन्त्री यादव १५ दिन बितिसक्दा के गरिरहेका छन् अत्तोपत्तो छैन ।

श्रम मन्त्रालयको एक महिनाको काम हेर्दा विगतकै मन्त्रीहरूले गर्ने कामको निरन्तरता पाएको श्रमविद् रामेश्वर नेपालले बताए । मन्त्रालयले यसबीचमा गरेका कामहरू आवश्यक भए पनि समस्याको मुलमा प्रहार गर्ने खालको योजना नदेखिएको उनको भनाइ छ ।

'प्रारम्भिक कामलाई हेर्दा फरक काम गर्ने लक्षण देखिएको छैन । पहिलाका मन्त्रीहरू शोषण सहन सकिँदैन, श्रम स्वीकृति लिँदा एक घण्टामा सेवा पाइने, कसैले टोकन लिन पर्दैन भन्ने गर्थे,' उनले भने, 'अहिलेकाले पनि यस्तै भनेका छन् जसमा तात्त्विक भिन्नता छैन । समस्याको मुलमा हिर्काउन हामी स्रोत मुलुक भएकाले भर्नाको चरणमा हुने शोषणमा प्रहार गर्नुपर्छ । यसका लागि योजना बनाइएको छैन ।'

सरकारले गएको एक महिनामा गर्न खोजेका कामहरू सकारात्मक नै भए पनि कतिपय निर्णय अपरिपक्व भएकाले श्रमिकमा द्विविधा पैदा भएको श्रमविद् नेपालको भनाइ छ । मन्त्रालयअन्तर्गतको वैदेशिक रोजगार विभागले विमानस्थलमा 'म्यानपावर कम्पनीलाई तिरेको रकमको बिल भर्पाइ बोकेर आउनू' भन्ने निर्णयलाई अध्यागमन विभागले कार्यान्वयन गर्न मानेन ।

क्रमशः पृष्ठ २ मा


## जातीय भेदभाव उन्मूलन गरौं ।

- सबै मानिस समान हुन्छन् ।
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं ।
- भेदभावविरूद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं ।
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं ।
- मानव अधिकारको सम्मान र संरक्षण गरौं ।
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं ।
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं ।
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण निर्माण गरौं ।
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं ।

जातजाति, सम्प्रदाय, लिंग, भाषा वा धर्मका आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

## अतिक्रमित जग्गा..

स्रोतः बिपी प्लानेटोरियम तथा अब्जरभेटरीलाई १६० रोपनी, कृषि बागबानी केन्द्रलाई २८१ रोपनी, आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रलाई २५ रोपनी, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई ८२ र २५ रोपनी जग्गा सरकारको आग्रहअनुसार उपलब्ध गराएको भनिएको छ।

यसबाहेक महानगरीय प्रहरी वृत्त (कीर्तिपुर)लाई पाँच रोपनी, महानगरीय प्रहरी वृत्त (कालिमाटी) लाई चार रोपनी, नेपाल प्राध्यापक संघलाई छ रोपनी १२ आना, ग्लोबल आइएमई बैंक, लायन्स क्लब इन्टरनेसनलको रक्तसञ्चार केन्द्र, नेपाल क्रिकेट संघ ७६ रोपनी चार आना तीन दाम, नेपाल बैंक लिमिटेडलगायतले त्रिविको जग्गा भोगचलन गर्दै आएका छन्।

सम्झौताविना करिब १५ रोपनी जग्गा राधास्वामी सत्संग व्यास नेपाल नामक संस्थाले अनधिकृतरूपमा प्रयोग गर्दै आएको छ। १०८ रोपनी १४ आना दुई पैसा तीन दाम जग्गा ल्याबोरेटोरी माध्यमिक विद्यालयले अनधिकृत रूपमा कब्जा गरेको छ । नेत्रज्योति संघले १० रोपनी जग्गा भोगचलन गर्दै आएको छ । त्रिविका सामान्य प्रशासन महाशाखा प्रमुख राजबहादुर राईले भने, 'जग्गा खोजबिन समितिको प्रतिवेदन हामीले अध्ययन गरिसकेका छौं र त्यसको आधारमा विभिन्न व्यक्ति र संघसंस्थाले भोगचलन वा हडपेको सबै जग्गा फिर्ता लिन्छौं।'

त्रिविको प्रतिवेदनले अतिक्रमणमा संलग्न व्यक्तिहरूविरुद्ध अनुसन्धान गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग, केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गरेको छ । सरकारले देशभर सार्वजनिक जग्गा अतिक्रमण हटाउने नीति अघि बढाइरहेका बेला त्रिविको यो कदमलाई त्यसैको निरन्तरताको रूपमा हेरिएको छ । खासगरी प्रधानमन्त्री शाहको निर्देशनपछि काठमाडौंको नदी किनारका सुकुम्बासी बस्ती हटाउन थालेपछि सार्वजनिक जग्गा संरक्षणको अभियान थप तीव्र बनेको छ ।

■■■

## स्थायी...

यसैगरी केही परिवार कीर्तिपुरस्थित सत्संग भवनमा पुगेका छन् । प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस सल्लाहकार दीपा दाहालका अनुसार नाम टिपाएकाहरूको स्वास्थ्य परीक्षण गरी खानपान र बासको व्यवस्था मिलाइएको छ । 'भूमिहीन तथा सुकुमबासीहरूलाई शारीरिक र मानसिक स्वास्थ्य सेवा प्रदान गर्न काठमाडौं महानगरपालिकाले स्वास्थ्यकर्मीको टोली परिचालन गरेको छ । महानगरपालिकाको समन्वयमा खान खुवाएर बासको व्यवस्थासमेत गरिएको छ,' दाहालले भनिन् ।

सरकारको सम्पर्कमा आएकाहरूलाई तत्कालका लागि बासको व्यवस्था भने काठमाडौंका विभिन्न लजमा गरिएको उनले बताइन् । प्रधानमन्त्री कार्यालयका अनुसार ४० भन्दा बढी परिवारलाई कीर्तिपुरको सत्संग भवनमा र बाँकी माछापोखरी र बालाजुका लजमा राखिएको छ । विवरण संकलन गरिसकेपछि उनीहरूलाई व्यवस्थापन गर्न पाँचवटा होल्डिङ सेन्टरमा लगेर राखिने बागमती सभ्यता विकास परियोजनाका सामाजिक परिचालक कुमार सिंखडाले जानकारी दिए ।

होल्डिङ सेन्टरबाट सुकुमबासी परिवारलाई दुई साताभित्र नागार्जुनस्थित सरकारी अपार्टमेन्टमा स्थानान्तरण गर्ने तयारी सरकारले गरेको छ। प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहका अनुसार पहिचान प्रक्रिया पूरा भएपछि उनीहरूलाई स्थायी व्यवस्थापन गरिने बताए। 'वास्तविक सुकुम्बासी ठहरिएका परिवारलाई दुई साताभित्र नागार्जुन नगरपालिका वडा नम्बर १ स्थित सरकारी अपार्टमेन्टमा राखिने छ, त्यसलगत्तै उनीहरूको दीर्घकालीन व्यवस्थापनको काम सुरु गरिने छ,' शाहले भने । नागार्जुनको अपार्टमेन्ट करिब १२ वर्षअघि तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईको पालामा निर्माण गरिएको थियो । तर सुकुमबासी व्यवस्थापन गर्न नसक्दा उक्त भवन लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको थियो ।

कूल १३५ परिवार व्यवस्थापन गर्न मिल्ने तीनवटा भवन रहेको उक्त अपार्टमेन्टमा एउटा भवनमा मानव सेवा आश्रम र अर्को भवनमा नागार्जुन नगरपालिकाको वडा नम्बर १ वडा कार्यालय, सामुदायिक प्रहरी र सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा रहेका छन्। सरकारले अहिले भवनलाई बसोबासयोग्य बनाउन मर्मतसम्भार र सरसफाइको कामलाई तीव्रता दिइरहेको छ। उक्त भवनमै दीर्घकालीनरूपमा राखिन्छ वा अर्कै ठाउँमा स्थानान्तरण गरिन्छ भनेर सरकारले कुनै योजना सार्वजनिक गरेको छैन ।

## मनोहरामा ३० प्रतिशत संरचना बाँकी

आइतबार असिनापानी परेपछि भक्तपुरको मनोहरा खोला किनारस्थित सुकुमबासी बस्तीका अनधिकृत संरचना हटाउने कार्य प्रभावित हुन पुग्यो । जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख एवं प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले आइतबार करिब ७० प्रतिशत घरटहरा तथा संरचना भत्काइएको छ । आइतबार बिहान १०:०० बजेदेखि सातवटा डोजरले सुकुमबासी बस्तीका संरचना भत्काइएको हो ।

असिनापानी परेर बिथोलिएकाले संरचना भत्काउने कार्यलाई स्थगित गर्नुपरेको प्रहरी उपरीक्षक खड्काले जानकारी दिए । बाँकी संरचना सोमबार भत्काइने खड्काले बताए। बस्ती भत्काउन भक्तपुरबाट खटिएका एक हजार ४०० नेपाल प्रहरी र ६०० सशस्त्र प्रहरी गरी दुई हजार सुरक्षाकर्मी परिचालन गरिएको उनले बताए ।

■■■

## फेरिए श्रममन्त्री...

निवर्तमान श्रममन्त्री साहले रोजगारीमा जानेहरूले १० हजार रूपैयाँभन्दा बढी सेवा शुल्क तिर्न नपर्ने भनेका थिए तर कुन-कुन मुलुकका लागि यो कार्यान्वयन हुन्छ भनेर नभन्दा मलेसिया र खाडीबाहेक अन्य मुलुक जानेहरू अन्योलमा परेका थिए। कारण, शून्य लागतको नियम मलेसियासहित खाडी मुलुकहरूमा मात्र लागू हुन्छ । ती मुलुकहरूमा जाने कामदारसँग म्यानपावरले १० हजार रूपैयाँमात्र सेवा शुल्क लिन पाउँछ । तर, तत्कालीन श्रममन्त्री साहको निर्देशनमा त्यो खुलाइएको थिएन ।

त्यस्तै, पूर्वप्रस्थान अभिमुखीकरणको अनलाइन कोर्श बनाएर तालिम लिने व्यवस्थाको विरोध भइरहेको छ । आफ्नो नामसमेत भन्न नजान्नेहरू रोजगारीमा गइरहँदा अनलाइन तालिमको प्रभावकारितामाथि प्रश्न उठेको छ ।

यसबाहेक मन्त्रालयले रोजगारीमा जाने श्रमिकले सरकारी स्वास्थ्य संस्थाबाटसमेत स्वास्थ्य परीक्षण गराउन संस्थाहरूको सूचीकरण, बिचौलियालाई विभाग प्रवेशमा कडाइ, वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै ठगी गर्नेहरूको विवरण सार्वजनिक गर्ने, विदेशमा अलपत्र परेकाहरूको उद्धारमा गैरसरकारी संस्था या व्यक्तिलाई निषेध, अभिमुखीकरण तालिमको शुल्क ७०० रूपैयाँभन्दा बढी लिने संस्था खारेज गर्नेजस्ता निर्णय गरेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङ नीतिगत सुधारको विषयमा नयाँ सरकारको ध्यान जान नसकेको बताउँछन् । नीतिगत सुधारविना वैदेशिक रोजगार क्षेत्रका समस्या समाधान सम्भव नहुने उनको भनाइ छ । 'फ्रि-भिसा, फ्रि-टिकट'को प्रावधानमा व्यवसायीले असहमति जनाएपछि निवर्तमान श्रममन्त्री साहले संघका अध्यक्षसमेत रहनेगरी कार्यदल गठन गर्ने घोषणा गरेका थिए । तर त्यसपछि कुनै बैठक नबसेको उनले बताए । 'मुख्य कुरा नीतिगत सुधार आवश्यक छ । जहाँ समस्या छ त्यसलाई संशोधन गर्नुपर्छ,' अध्यक्ष गुरुङले भने, 'सेवा शुल्क निर्धारण गर्दियो भने राज्य, श्रमिक, व्यवसायी, सबैलाई राम्रो हुन्थ्यो । नीतिगत सुधारका लागि भनेर कार्यदल त गठन गरेको हो तर अहिलेसम्म बैठक बसेको छैन ।'

रास्वपाले जान्नेलाई छान्ने भन्दै मत मागेको थियो । तर मन्त्रालयको प्रारम्भिक काम गराइ उक्त नारासँग मेल खाएको देखिँदैन। यो क्षेत्र नजानेको व्यक्तिले यस क्षेत्रमा दशकौंदेखि काम गरिरहेका विज्ञ, श्रम मन्त्रालयमा लामो समयदेखि काम गरिहेका जनशक्तिलगायतसँग समन्वय गर्नुपर्ने देखिएको छ । निवर्तमान श्रममन्त्री साहले नियुक्त हुनेबित्तिकै विषयविज्ञसँग छलफल गरेर सुझावहरू मागेका थिए । वर्तमान मन्त्री यादवले भने यस्तो छलफलसमेत गरेका छैनन् ।

**बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना**

प्रथम पटक प्रकाशितः २०८३/०१/१४

यस लक्ष्मीपुर सा.व.उ.स. दु.न.पा. ३, सिन्धुलीबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल सहित अन्य जातको गोलिया थान १२४ को १७५३.२१ क्यू.फि गोलिया काठ र ३ चट्टा साल दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**लक्ष्मीपुर सा.व.उ.स. दु.न.पा. ३, सिन्धुली**

# रातो मच्छिन्द्रनाथको रथ लगनखेल पुर्‍याइयो



**ललितपुर (प्रस)–** ललितपुरमा जारी रातो मच्छिन्द्रनाथ जात्राअन्तर्गत आइतबार रथ तानेर लगनखेल बसपार्क पुर्‍याइएको छ। जात्राको पहिलो दिन गाःबहाल पुर्‍याइएको रथलाई त्यसपछि मंगलबजार, सुनधारा र चाःबहाल हुँदै आइतबार लगनखेल पुर्‍याइएको हो ।

वर्षा र सहकालका देवताका रूपमा पूजा गरिने रातो मच्छिन्द्रनाथलाई ३२ हात अग्लो रथमा वैशाख ५ गते पूजाअर्चनासहित विराजमान गराइएपछि वैशाख ८ गते रथ तानेर जात्रा औपचारिक रूपमा सुरु गरिएको थियो ।

गुथी संस्थानका प्रवक्ता जनक पोखेलका अनुसार रथ निर्माणदेखि जात्रा सम्पन्न नहुन्जेलसम्म गुथी संस्थानको महत्त्वपूर्ण भूमिका रहने गर्दछ। साथै रथ तान्ने र अन्य व्यवस्थापन कार्यमा पनि संस्थान सक्रिय रूपमा लागेको छ।

उनका अनुसार रथ लगनखेल पुर्‍याएपछि महाबलि पूजा गरिने र साइत हेराएर रथको टुप्पोबाट नरिवल खसाल्ने प्रचलन छ। नरिवल खसालिएको भोलिपल्ट महिलाहरूले मात्र रथ तान्ने परम्परा छ।

त्यसपछि रथलाई इटीटोलबाट पश्चिमतर्फ कुमारीपाटी हुँदै जावलाखेलस्थित ललितमण्डप पुर्‍याइन्छ, जहाँ भोटो देखाउने कार्यक्रम गरिन्छ। राष्ट्रप्रमुखबाट भोटो देखाएपछि यस वर्षको रातो मच्छिन्द्रनाथ जात्रा सम्पन्न हुन्छ।

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक १ वैशाख ११ गते २०८३ मा प्रकाशित Sansar International Services Pvt. Ltd. को Lot No. 340969 को कम्पनीको नाम Chin Leong Farm हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ।

Sansar International Services Pvt. Ltd.
Basundhara-3, Kathmandu, Nepal Tel : +977-1-4385490, Man bir Khatri 9849548340




## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, १४ वैशाख, २०८३**

| | |
|---|---|
| **मेष** | काममा सफलता मिल्नेछ। नयाँ अवसरले उत्साह बढाउनेछ। |
| **वृष** | आर्थिक पक्ष सुधार हुने संकेत छ। धैर्यले राम्रो नतिजा दिनेछ। |
| **मिथुन** | सानो गल्तीले तनाव दिन सक्छ। सोचेर मात्र निर्णय गर्नुहोस्। |
| **कर्कट** | परिवारबाट सहयोग मिल्नेछ। मन शान्त र सकारात्मक रहनेछ। |
| **सिंह** | नेतृत्व क्षमताले सफलता दिलाउनेछ। सम्मान प्राप्त हुने दिन छ। |
| **कन्या** | काममा व्यस्तता बढ्नेछ। तर उपलब्धि पनि राम्रो हुनेछ। |
| **तुला** | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ। नयाँ योजना अघि बढ्नेछ। |
| **वृश्चिक** | चुनौती आए पनि पार गर्न सकिनेछ। आत्मविश्वास बढ्नेछ। |
| **धनु** | यात्राको सम्भावना देखिन्छ। नयाँ अनुभवले फाइदा दिनेछ। |
| **मकर** | मेहनतको राम्रो फल मिल्नेछ। आर्थिक लाभ हुन सक्छ। |
| **कुम्भ** | कुम्भस् सोचेर अघि बढ्नु राम्रो हुनेछ। अनावश्यक खर्चबाट बच्नुहोस्। |
| **मीन** | मन खुसी रहनेछ। प्रेम र सम्बन्धमा सुधार आउनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | ६६१२२६६ |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक


१४ वैशाख, २०८३ (२७ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.५० | १५१.१० |
| युरो | १ को | १७६.३६ | १७७.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | २०३.२३ | २०४.०४ |
| स्विस फ्रैन्क | १ को | १९१.६३ | १९२.४० |
| अस्ट्रेलियन डलर | १ को | १०७.६३ | १०८.०६ |
| क्यानाडियन डलर | १ को | १०९.९५ | ११०.३९ |
| सिङगापुर डलर | १ को | ११७.९५ | ११८.४२ |
| जापानी येन | १० को | ९.४४ | ९.४८ |
| चिनियाँ युआन | १ को | २२.०१ | २२.१० |
| साउदी अरब रियाल | १ को | ४०.१३ | ४०.२९ |
| कतारी रियाल | १ को | ४१.२८ | ४१.४५ |
| थाई भाट | ख १ को | ४.६५ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.९७ | ४१.१४ |
| मलेसियन रिङेट | १ को | ३७.९६ | ३८.११ |
| दक्षिण कोरियन वन | १०० को | १०.१८ | १०.२२ |
| स्विडिस क्रोनर | १ को | १६.३१ | १६.३८ |
| डेनिस क्रोनर | १ को | २३.६० | २३.६९ |
| हङकङ डलर | १ को | १९.२१ | १९.२९ |
| कुवेती दिनार | १ को | ४९०.८७ | ४९२.८२ |
| बहराइन दिनार | १ को | ३९८.५७ | ४००.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# हिन्दुकुश हिमालयमा लगातार चौथो वर्ष हिम सञ्चिति न्यूनतम्

**काठमाडौं–** हिन्दुकुश हिमालय क्षेत्रमा हिम आवरण दीर्घकालीन औसतभन्दा २७.८ प्रतिशतले घटेको देखिएको छ। यसले गत वर्षको न्यूनतम् कीर्तिमान तोड्दै लगातार चौथो वर्ष औसतभन्दा कम हिम स्थायित्व देखाएको छ। यो तथ्य अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) द्वारा सार्वजनिक गरिएको 'स्नो अपडेट-२०२६' प्रतिवेदनमा उल्लेख छ।




यस निरन्तर गिरावटले विश्वकै उच्च हिमाली क्षेत्रमा मौसमी हिम सञ्चिति प्रणालीगतरूपमा कमजोर हुँदै गएको संकेत गर्दछ। जसले यस क्षेत्रबाट उत्पन्न हुने १२ प्रमुख नदी बेसिनमा निर्भर करिब दुई अर्ब नागरिकको जल सुरक्षामा तत्काल र बढ्दो खतरा निम्त्याएको छ। तीमध्ये १० बेसिनमा अहिले औसतभन्दा कम हिम स्थायित्व रहेको छ। मेकङ, टारिम र तिब्बती पठारमा २४ वर्षको निगरानी अवधिमै सबैभन्दा न्यून स्तर रेकर्ड गरिएको छ।

'हामीले देखिरहेको कुरा भनेको एक निरन्तर प्रवृत्ति हो, जहाँ मौसमी हिम सञ्चिति बर्सेनि घट्दै गएको छ,' 'स्नो अपडेट-२०२६'का लेखक शेर मुहम्मदले भने, 'यो तथ्यांकले एक महत्त्वपूर्ण मोड देखाउँछ, १२ मध्ये १० बेसिन सामान्यभन्दा तल छन् र केहीले दुई दशककै न्यूनतम् स्तर छोएका छन्।'

हेलमण्ड बेसिनमा वार्षिक बहावको ७७.५ प्रतिशत र आमु दर्यामा ७४.४ प्रतिशत हिउँ पग्लनबाट प्राप्त हुने भएकाले यस वर्षको हिम कमीले पिउने पानी, सिँचाइ, जलविद्युत् र पारिस्थितिक प्रणालीमा प्रत्यक्ष असर पार्ने प्रतिवेदनमा उल्लेख छ। यसले विशेषगरी पानी आपूर्ति र बाढी व्यवस्थापनमा चिन्ता बढाएको छ। घट्दो हिउँ पग्लनले वसन्तकालीन बहाव घटाउनेछ र तल्लोतटीय क्षेत्रमा पानी अभाव झन तीव्र बनाउने छ।

इण्डस, हेलमण्ड र आमु दर्या नदी बेसिनका किसानले बाली रोप्ने प्रारम्भिक मौसममै सिँचाइ अभावको सामना गर्ने छन्। मेकङ, याङ्तेसे (जहाँ थ्रि गर्जेज डचाम सञ्चालनमा छ) र ब्रह्मपुत्र क्षेत्रमा जलविद्युत् उत्पादन पनि प्रारम्भिक गर्मीयाममा सामान्यभन्दा कम हुने अपेक्षा गरिएको छ।

यो संकटलाई अझ गम्भीर बनाउँदै, लगातार कम हिमपात भएका वर्षहरूले भू-जल र माटोको आर्द्रता पुनःभरण हुन नदिएकाले भविष्यमा खडेरीको जोखिम बढेको छ। 'हरेक सुख्खा अवधि अझ कडा प्रभाव पार्ने छ,' प्रतिवेदनमा भनिएको छ, 'यी अन्तरसम्बन्धित समस्यामा क्षेत्रीय सहकार्य अब अत्यन्त आवश्यक भएको छ। यसमा आकस्मिक प्रतिक्रिया होइन, वैज्ञानिक आधारमा सक्रिय व्यवस्थापनतर्फ सोच्नुपर्छ।'

प्रतिवेदनका अनुसार केवल दुई नदी बेसिनमामात्र औसतभन्दा बढी हिम स्थायित्व देखिएको छ। गंगा बेसिनमा १६.३ प्रतिशत र इरावडी बेसिनमा २१.८ प्रतिशत बढी हिम स्थायित्व देखिएको छ, यद्यपि यसले स्थानीयरूपमा केही राहत दिए पनि क्षेत्रीय संकटलाई सन्तुलन गर्न पर्याप्त छैन। यसविपरीत मेकङमा ५९.५ प्रतिशत, तिब्बती पठारमा ४७.४ प्रतिशत र सालविनमा ४१.८ प्रतिशत हिम स्थायित्वको कमी देखिएको छ।

इसिमोडले राष्ट्रिय तथा स्थानीय निकायलाई तत्काल खडेरी तयारी तथा प्रतिक्रिया योजना सक्रिय गर्न, वास्तविक समय हिम तथ्यांकलाई जल व्यवस्थापनमा समावेश गर्न, पानी सञ्चय र दक्षता उपायमा लगानी बढाउन तथा अन्तरदेशीय जल सहकार्य सुदृढ गर्न आग्रह गरेको छ। *रासस*

# मनोहरा सुकुमबासी बस्तीको एकतिहाइ संरचना भत्काइयो



**■ प्रभाव संवाददाता**

**भक्तपुर–** भक्तपुरको मनोहरा खोला किनारस्थित सुकुमबासी बस्तीमा अनधिकृतरूपमा बनाइएका ७० प्रतिशत घर, टहरा तथा संरचना आइतबार भत्काइएको छ। आइतबार बिहान १०:०० बजेदेखि काठमाडौं महानगरपालिकाबाट आएका सातवटा डोजरको सहायताले सुकुमबासी बस्तीका ७० प्रतिशत संरचना भत्काइएको हो।

पछि असिनापानी परेर बिथोलिएकाले आइतबारको संरचना भत्काउने कार्यलाई स्थगित गर्नुपरेको जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख एवं प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जानकारी दिए। आइतबार भत्काउन बाँकी भएका संरचनालाई आज (सोमबार) भत्काइने जानकारी दिँदै उनले शनिबारसम्म ८० प्रतिशतले सबै सामान सारेकाले आइतबार बस्तीका बाँकी बासिन्दाले पनि सबै सामान सारेर सहज गरेका उल्लेख गरे।

आइतबारका लागि सुकुमबासी बस्तीमा भक्तपुरबाट खटिएका एक हजार ४०० नेपाल प्रहरी र ६०० सशस्त्र प्रहरी गरी दुई हजार सुरक्षाकर्मी परिचालन गरिएको उनले जानकारी दिए। सोमबारसम्म सबै संरचना भत्काइने उनले बताए। यहाँबाट बस्ती छाडेको वास्तविक सुकुमबासीलाई दशरथ रंगशालामा पठाइएको बताउँदै उनले त्यहाँबाट उनीहरूलाई खान र बस्नका लागि 'होल्डिङ सेन्टर'मा पठाइएको उल्लेख गरे।

# 'बच्चाको खातामा पाँच हजार' कार्यक्रममा सहभागिता न्यून

**काठमाडौं (प्रस)–** टोखा नगरपालिकाले सञ्चालन गरेको जन्मनासाथ पाँच हजार रूपैयाँ बच्चाको खातामा जम्मा गरिने कार्यक्रममा स्थानीयको सहभागिता न्यून देखिएको छ। नगरपालिकाले चालु आर्थिक वर्षदेखि सञ्चालन गरेको 'बच्चाको खातामा पाँच हजार' कार्यक्रममा स्थानीयवासीको सहभागिता न्यून देखिएको हो।

बालबालिकाको जन्मेपछि नगरपालिकाले पाँच हजार रूपैयाँ ती बालबालिकाको नाममा खाता खोली राखिने कार्यक्रममा कम जनचासो भएकाले सहभागिता पनि न्यून देखिएको सरोकार भएकाहरू बताउँछन्।

नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रनलाल कुलालले स्थानीयमा आकर्षण नभएकोले थोरैमात्र बच्चाको बैंक खातामा रकम जम्मा भएको बताए। 'हाम्रो उद्देश्यले बच्चा जन्मनासाथ उसलाई केही आर्थिक होस् भनेर पाँच हजार रूपैयाँ दिने भनेका थियौं,' उनले भने, 'तर त्यो कार्यक्रमअनुसार न्यून बच्चाको बैंक खाता खोलिएको छ।'

उनका अनुसार अहिलेसम्म चार बालबालबालिकाको मात्र बैंक खाता खोली पाँच हजार रूपैयाँ जम्मा गरिएको छ। नगरपालिकामा वार्षिक एक हजार ७६६ बच्चा जन्मने प्रक्षेपण गरिएको शाखा प्रमुख कुलालले जानकारी दिए। उनका अनुसार बच्चालाई पाँच हजार रूपैयाँ उपलब्ध गराउनका लागि बच्चा जन्मेको ३५ दिनभित्र जन्मदर्ता गराउनुपर्ने र नगरपालिकाले तोकेको अस्पतालमा सुत्केरी गराउनुपर्ने व्यवस्था छ।

'हामीले तोकेको अस्पतालमा नगई अन्यन्त्र गएर सुत्केरी गराएका हुनसक्दछन्,' उनले भने, 'त्यसैले होला एक वर्ष हुन लाग्दा एकदम न्यून संख्यामामात्र बच्चाको बैंक खाता खोलिएको छ।' नगरपालिकाले टोखा चण्डेश्वर, त्रिवि शिक्षण अस्पताल, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, वीर अस्पताललगायतमा सुत्केरी गराउनुपर्ने भनी तोकेको छ। कतिपयले तोकेकाबाहेक अस्पतालमा सुत्केरी गराउँदा आमाबाट जन्मेका बच्चाको खातामा पाँच हजार रूपैयाँ जम्मा गर्न नसकिएको नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख कुलालले बताए।


**साउदीमा रोजगार** कम्पनी : SUNBUN RESTAURANT FOR MEALS

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | LT. No. 339699 | चलानी नं. ६०२५४४३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 0 | 10 | 1000 | ७३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Abdullah Salem Al-Omari General Contracting Company

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340776 | चलानी नं. ६०२५४४३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 5 | 0 | 1000 | ७३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Abdullah Salem Al-Omari General Contracting Company

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340777 | चलानी नं. ६०२५४४३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 10 | 0 | 1500 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper/kitchen Worker/kitchen Cleaner | 11 | 0 | 1000 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २१ गते (4th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Al Faraz International Overseas Pvt. Ltd
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मितिः २०८३/०१/१४**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कपन, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति वि.सं. २०८१/०६/२१ गतेको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, भरतपुर, चितवनमा दिउँसो ४:०० गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

**१. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा र सिटिजन्स अन्य कर्जा**

| ऋणीको नाम र ठेगाना | जमानीकर्ताको नाम र ठेगाना |
|---|---|
| **नाम : श्री अमृत बहादुर लामा** | **नाम : श्रीमती रेजीना तामाङ्ग (लामा)** |
| बाबु : श्री गज बहादुर लामा | बाबु : श्री तेज बहादुर लामा |
| बाजे : श्री गम्भीर सीह लामा | पति : श्री अमृत बहादुर लामा |
| ठेगाना : डडुवा गा. वि.स. वडा नं. ५, रामेछाप | ससुरा : श्री गज बहादुर लामा |
| हाल : टोखा न.पा. वडा नं. ११, काठमाडौं | ठेगाना : शान्तिनगर गा.वि.स वडा नं. २, झापा |
| ना.प्र.नं. : १५३२ | हाल : टोखा न.पा. वडा नं. ११, काठमाडौं |
| जारी मिति : बि.सं. २०४१/१०/१४, | ना.प्र.नं. : ५७८१७९५६ |
| प्रतिलिपि मितिः वि.सं. २०४७/०९/१३ | जारी मिति : बि.सं. २०६०/०२/१३, |
| जि.प्र.का. : रामेछाप | प्रतिलिपि मितिः वि.सं. २०६३/०७/२४ |
| | जि.प्र.का. : झापा |

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नामः– श्री अमृत बहादुर लामा**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| चितवन | कल्याणपुर | ७/७ ख | ४७२३ | १०१.५८ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |

**२. कर्जा शिर्षक : सिटिजन्स फाष्ट ट्रयाक कर्जा र सिटिजन्स अन्य कर्जा**

| ऋणीको नाम र ठेगाना | जमानीकर्ताको नाम र ठेगाना |
|---|---|
| **नाम : श्रीमती रेजीना तामाङ्ग (लामा)** | **नाम : श्री अमृत बहादुर लामा** |
| बाबु : श्री तेज बहादुर लामा | बाबु : श्री गज बहादुर लामा |
| पति : श्री अमृत बहादुर लामा | बाजे : श्री गम्भीर सीह लामा |
| ससुरा : श्री गज बहादुर लामा | ठेगाना : डडुवा गा. वि.स. वडा नं. ५, रामेछाप |
| ठेगाना : शान्तिनगर गा.वि.स वडा नं. २, झापा | हाल : टोखा न.पा. वडा नं. ११, काठमाडौं |
| हाल : टोखा न.पा. वडा नं. ११, काठमाडौं | ना.प्र.नं. : १५३२ |
| ना.प्र.नं. : ५७८१७९५६ | जारी मिति : बि.सं. २०४१/१०/१४, |
| जारी मिति : बि.सं. २०६०/०२/१३, | प्रतिलिपि मितिः वि.सं. २०४७/०९/१३ |
| प्रतिलिपि मितिः वि.सं. २०६३/०७/२४ | जि.प्र.का. : रामेछाप |
| जि.प्र.का. : झापा | |

**धितो राखिएको सम्पत्तिको विवरणः**
**धितो सुरक्षण धनीको नामः– श्रीमती रेजीना तामाङ्ग (लामा)**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं/नक्सा सिट | कि.नं. | क्षेत्रफल (व.मि.) | कैफियत |
|---|---|---|---|---|---|
| चितवन | मेघौली | ८/८क | २०३६ | २७६.८८ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय, काठमाडौंमा, शाखा कार्यालय भरतपुर, चितवन वा शाखा कार्यालय कपन, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८३/०१/२९ गते, मंगलबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, भरतपुर, चितवन।**

Citizens Bank
**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८


**युएइमा रोजगार** कम्पनी : HILL SUN BUILDING CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 339196 | चलानी नं. ६०२५४४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 10 | 0 | 1000 | ४१,०२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer Building Worker | 10 | 0 | 1000 | ४१,०२० | | | | | | | |
| 3. | Male Cleaners (External) | 10 | 0 | 1000 | ४१,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २१ गते (4th May 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ARANIKO OVERSEAS PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel: +977 01- 5010657/5010658
Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com


## बोलपत्रद्धारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**भुलसुधार सूचना प्रकाशन मिति २०८३।०१।१४**

यस पशुपति सामुदायिक वन उपभोक्ता समूह मनहरी ०७ मकवानपुरको मिति २०८३।०१।१३ गतेमा प्रकाशित सूचना अनुसार साल समेत प्रजातीको गोलिया थान ३५३ को १९८६.८५ क्यूफिट भनि सूचना प्रकाशन भएकोमा भूलवस साल समेत प्रजातीको गोलिया थान ३१९ को १९८६.८५ क्यूफिट भएकोले भुलसुधार गरी यो सूचना प्रकाशन गरिएको छ।

**श्री पशुपति सामुदायिक वन उपभोक्ता समूह, मनहरी ०७ मकवानपुर**

## बोलपत्रद्धारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**भुलसुधार सूचना प्रकाशन मिति २०८३।०१।१४**

यस सिम्पानीदेवकोट सामुदायिक वन उपभोक्ता समूह मनहरी ०८ मकवानपुरको मिति २०८३।०१।१३ गतेमा प्रकाशित सूचना अनुसार साल समेत प्रजातीको गोलिया थान २७६ को १९३१.३४ क्यूफिट भनि सूचना प्रकाशन भएकोमा भूलवस साल समेत प्रजातीको गोलिया थान २९९ को १९३१.३४ क्यूफिट भएकोले भुलसुधार गरी यो सूचना प्रकाशन गरिएको छ।

**श्री सिम्पानीदेवकोट सामुदायिक वन उपभोक्ता समूह मनहरी ०८ मकवानपुर**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# त्रिविको भूमि, त्रिविकै हक

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले आफ्नो स्वामित्वमा रहेको अतिक्रमित र विभिन्न प्रयोजनका लागि दिइएको जग्गा फिर्ता लिने जुन प्रक्रिया सुरु गरेको छ, यो ढिलै भए पनि एक स्वागतयोग्य कदम हो । मुलुकको जेठो र ठूलो प्राज्ञिक संस्थाले वर्षौंदेखि आफ्नो सम्पत्तिमाथिको हक गुमाउँदै जानु र शैक्षिक प्रयोजनका लागि छुट्याइएको भूमिमा अन्य संघसंस्थाले रजाइँ गर्नु विडम्बनापूर्ण थियो । त्रिविले १८ वटा संघसंस्थालाई ३५ दिनभित्र जग्गा खाली गर्न दिएको अल्टिमेटमले सार्वजनिक सम्पत्ति संरक्षणको क्षेत्रमा एउटा नयाँ सन्देश प्रवाह गरेको छ ।

त्रिविको जग्गा तथा अचल सम्पत्ति छानबिन समितिको प्रतिवेदनले पाँच हजार रोपनीभन्दा बढी जग्गा रहेको विश्वविद्यालयको कीर्तिपुर परिसरभित्रमात्रै करिब एक हजार ५०० रोपनी जग्गा विभिन्न निकायको कब्जा वा भोगचलनमा रहेको उजागर गरेको छ । कोही सम्झौता गरेर बसेका छन् भने कोहीले विनाकुनै वैधानिक आधार जग्गा हडपेका छन् । राधास्वामी सत्संग व्यास र ल्याबोरेटोरी मावि जस्ता संस्थाहरूले अनधिकृतरूपमा सयौं रोपनी जग्गा ओगटेको तथ्यले विश्वविद्यालय प्रशासन र राज्यको फितलो उपस्थितिलाई उदांगो पारेको थियो । शैक्षिक विस्तारका लागि जग्गा अभाव हुने तर भएका जग्गाहरू भने अरूलाई बाँड्ने विगतको प्रवृत्ति अब अन्त्य हुनैपर्छ ।

पछिल्लो समय सरकारले सार्वजनिक जग्गा संरक्षणमा देखाएको सक्रियताले त्रिविलाई पनि आफ्नो हक खोज्न बल पुगेको देखिन्छ । विशेषगरी नेपाल क्रिकेट संघ (क्यान) सँगको सम्झौता नवीकरण नगर्ने र रंगशाला क्षेत्रलाई शैक्षिक प्रयोजनमा ल्याउने त्रिविको निर्णयले केही बहस सिर्जना गरेको छ । खेलकुद र रंगशाला देशको गौरव हुन्, तर एउटा स्वायत्त प्राज्ञिक संस्थाले आफ्नो विकासका लागि आफ्नै जग्गा खोज्नु उसको नैसर्गिक अधिकार हो । यद्यपि, १० अर्बको बजेट स्वीकृत भइसकेको अन्तर्राष्ट्रिय रंगशालाको भविष्यलाई लिएर सरकार र त्रिविबीच समन्वय आवश्यक छ । विकासका नाममा विश्वविद्यालयलाई खुम्च्याउनु हुँदैन ।

जग्गा फिर्ता लिने यो अभियान केवल सूचना जारी गर्ने र पत्र काट्ने कार्यमामात्र सीमित हुनु हुँदैन । यसअघि पनि यस्ता धेरै प्रतिवेदनहरू बनेका थिए, तर राजनीतिक दबाब र प्रभावका कारण कार्यान्वयन हुन सकेनन् । अहिले त्रिविले अख्तियार दुरूपयोग अनुसन्धान आयोग र केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) लाई समेत अनुसन्धानका लागि सिफारिस गर्नुले यसपटकको कदम ठोस हुने आशा जगाएको छ । जग्गा हडप्नेहरू जोसुकै हुन्, उनीहरूलाई कानुनको कठघरामा उभ्याउनु राज्यको दायित्व हो ।

सार्वजनिक सम्पत्ति व्यक्तिको वा संस्थाको स्वार्थ अनुकूल प्रयोग हुन सक्दैन भन्ने नजिर स्थापना गर्न त्रिवि अब पछि हट्नु हुँदैन । सरकारले पनि यो अभियानलाई पूर्ण सुरक्षा र प्रशासनिक सहयोग उपलब्ध गराउनुपर्छ । अतिक्रमित भूमि फिर्ता गरी त्रिविलाई एक व्यवस्थित र आधुनिक शैक्षिक केन्द्रका रूपमा विकास गर्ने यो अवसरलाई गुम्न दिनु हुँदैन ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# विसंगतिमाथि वालेन्द्र सरकारको 'डोजर'



रिसव गौतम

> अहिलेसम्मको काम कारबाही हेर्दा सरकार ठीक दिशामा छ । केही अपवादजस्तो विधार्थी संगठन खारेज गर्ने, सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिनेजस्ता सरकारी निर्णय अलोकतान्त्रिक छ । जुन राज्यले ०४८ सालदेखि अवलम्बन गर्दै आएको खुलाबजार अर्थनीतिको विरुद्धमा छ । र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को आफ्नै वाचापत्रको खिलापमा पनि छ । किनकि, लोकतान्त्रिक परिपाटी र संविधान भएको देशमा निषेध गर्न खोजिनु गलत कदम हो ।

पहिला भत्काउने अर्थात् डोजर लगाउने अनि बनाउने वालेन्द्र शाहको विकास मोडलझैं देखिन्छ । जब उनी राजनीतिमा पर्दापण गर्दैगर्दा स्वतन्त्ररूपमा काठमाडौं महानगरपालिकाको मेयरमा निर्वाचित भए, शपथ खाएकै दिनदेखि उनले हडपिएका सार्वजनिक जग्गा फिर्ता ल्याउन डोजर लिएर आफैं मैदानमा निस्किए । सडक, चोक तथा विभिन्न क्षेत्रमा हडपिएका कयौं सार्वजनिक जग्गामा बनाइएका संरचनाहरूमा उनले मेयर हुँदा डोजर चलाएर भत्काए । र, ती ठाउँहरूमा सार्वजनिक चौतारा वा बिसौनी, पार्क वा सडक खुला बनाउने काम गरे । वास्तवमा त्यही भत्काएर बनाउने 'वालेन्द्र मोडेल' मान्छेले रुचाएपछि उनी जनविश्वासका साथ अहिले प्रधानमन्त्रीसम्म बनेका छन् ।

तिनै वालेन्द्र प्रधानमन्त्री भएको एक महिना पुग्दै गर्दा फेरि डोजर लिएर सार्वजनिक जग्गा सरकारको मातहतमा ल्याउन कस्सिएका छन् । मेयर हुँदा अधुरा रहेका राजधानीका विभिन्न तीन ठाउँका घना सुकुमबासीबस्तीमा शनिबार उनले डोजर चलाइछाडे । यसपटक उनलाई सुकुमबासीले नै साथ दिएपछि कयौं सरकारहरूले चाहेर वा नचाहेर गर्न नसकेको काम फत्ते गरे । पूर्वसूचना दिइकन उनले सुकुमबासी बस्तीमा डोजर चलाए । त्यहाँ रहेका परिवारहरूलाई खानेबस्ने




व्यवस्थासहित वास्तविक सुकुमबासीलाई जग्गा उपलब्ध गराउने प्रतिबद्धतासमेत दोहोऱ्याएका छन् । वास्तवमा सुकुमबासीका नाममा हुकुमबासी खेद्ने र वास्तविक सुकुमबासीको लगत संकलन गरेर उनीहरूलाई व्यवस्थित घरजमका लागि सघाउने सरकारको कदम सही छ ।

सुकुमबासी एरियामामात्र होइन वालेन्द्र सरकार बनेयता विकृति र विसंगतिका धेरै ठाउँहरूमा डोजर चलाइएको छ । स्वतन्त्र वुद्धिजीवीहरूले सरकारले एकैचोटी विकृतिका धेरै अण्डाहरूमा प्रहार गऱ्यो । एकैचोटीभन्दा पनि क्रमशः गर्नुपर्थ्यो भन्ने भनाइहरू छन् । तर सरकारले विसंगतिहरूमाथि चलाएको डोजर पुराना दलहरूको छातीमै बम प्रहार गरेबराबर भएको छ । उनीहरूले खुलेर विरोध गर्न सकेका छैनन् । सपोर्ट त गर्ने कुरा नै भएन । जस्तो कि सरकारले सार्वजनिकरूपमा प्रश्नहरू उठेपछि र बाहिर आएका तथ्यहरूले आशंका उब्जिएपछि आफ्नै दुई मन्त्रीमाथि डोजर चलायो । त्यो पनि एउटा उदाहरणीय काम हो । विगतका सरकारहरू हत्तपत्त त्यसका निम्ति तयार हुन्थेनन् ।

तथ्यसहित प्रश्नहरू उठेपछि पदमा बसिरहनु हुँदैन र बसिराख्न पनि हुँदैन । त्यहाँ सत्यतथ्यको जाँच आवश्यक हुन्छ । फलतः श्रममन्त्री दीपक साह र गृहमन्त्री सुधन गुरुङलाई सरकारले राजीनामा गरायो । सबैभन्दा महत्त्वपूर्ण त सरकारले यसबीच ०६२ यताका उच्चपदस्थहरूको सम्पत्ति छानबिन गर्न छानबिन आयोग बनाएको छ । यो आयोगले कति काम गर्न सक्ला वा नसक्ला त्यो बेग्लै कुरा भयो । तर आयोग आफ्नो उद्देश्यमा सफल भएमा देश र जनताको पसिनाको करमाथि भ्रष्टाचारको आतंक मच्चाउनेहरूको मुटुमा डोजर लाग्ने छ । र, राज्यको घुमाइफिराइ लुटिएका धन सरकार माताहात आउने वातावरण बन्ने छ ।

अर्को, सरकारले नापी, मालपोत तथा सवारी लाइसेन्स वितरण कार्यालयहरूमा रहेका बिचौलिया तथा कमिसनखोरहरूमाथि डोजर चलायो । स-साना काममा पनि घूस र कमिसन मागेर सेवाग्राही हैरान बनाउने अड्डाका कयौं त्यस्ता मानिसहरूलाई सरकारले गिरफ्तारसमेत गऱ्यो । यसबीच भ्रष्टहरूका ठूला फाइलहरू पनि खोल्न थालिएका छन् । जस्तो कि दीपक भट्ट, सुलभ अग्रवाललगायतका बिचौलियाहरूको साम्राज्यमाथि यसबीच सरकारले डोजर चलाइएको छ । ती बिचौलियाहरूसँग मिलेर वित्तीय क्षेत्रमा कयौं अपराध गर्ने व्यापारीहरूसमेत समातिएका छन् । त्यो बडो राम्रो कदम हो । एकथरी मानिसहरू रात दिन पसिना बगाएर दुई छाक टार्न सकेका छैनन् । अर्काथरी पैसाको थुप्रोमाथि थप थुप्रो लगाउन खुल्लमखुला निमुखा जनतामाथि अपराध गरिरहेका छन् । ती जतिसुकै ठूला व्यापारी हुन् । तिनीहरू कारबाहीको दायरामा आउनैपर्छ । कानुन भनेको सानो वा ठूलो सबैलाई लाग्नुपर्छ । फेरि वित्तीय क्षेत्रका अपराधमाथि डोजर नचलाउने हो भने सम्पत्ति शुद्धीकरणसम्बन्धी 'ग्रे लिस्ट'मा परेको हाम्रो देश कालोसूचीमा पर्न बेर छैन ।

यदि कालोधनको अपराधलाई सफा गरेर त्यसलाई करको दायरामा ल्याइएन भने हामी निश्चितरूपमा अपराधबाट आर्जित सम्पत्ति व्यवस्थापन (सम्पत्ति शुद्धीकरण)बारे विश्वव्यापी अनुगमन गर्ने फाइनान्सियल एक्सन टास्क फोर्सको कालोसूचीमा पर्ने छौं । त्यसरी कालोसूचीमा परियो भने नेपालीले विदेश जान भिसासमेत नपाउन सक्छन् । नेपालमा विदेशी लगानीहरू आउँदैनन् । नेपालमाथि आर्थिक नाकाबन्दी नै लाग्न सक्छ । नेपाली मुद्राको कुनै मान्यता नहुन सक्छ । त्यसकारण वालेन्द्र सरकारले थालेको शुद्धीकरण अभियान स्वागतयोग्य छ । तर त्यसलाई निष्कर्षमा पुऱ्याउनुपर्छ । त्यसक्रममा कुनै पनि निर्दोष मानिसहरूमाथि भने अन्याय हुनुहुँदैन । राज्यले पहिले धरपकड गर्ने, उसको मान प्रतिष्ठा माटोमा मिलाउने अनि प्रमाण नपुगेर छोड्ने अवस्था आउनु हुँदैन । अर्थात् राज्यले दोषीउपर कारबाही गर्नुभन्दा पनि निर्दोषहरूमाथि हुने धरपकड घनघोर अन्याय हुन जान्छ ।

जस्तोः ६३ लाखभन्दा बढी मानिस आबद्ध सेयरबजारमा दर्जनभन्दा बढी बिचौलियाहरूको साम्राज्य चलिरहेको रहेछ । त्यहाँ वालेन्द्र सरकारले डोजर चलाएर ठीक गरेको हो । किनकि, सेयरबजारमा धेरै त्यस्ता मानिसहरू छन् जसले खाइनखाइ गरेर कमाएको पैसा थोपाथोपा गरी लगानी गरेका छन् । तीन सोझा सीधा लगानीकर्ताहरूमाथि अन्याय गर्ने बिचौलियाहरूमाथि कारबाही जरुरी थियो । फलस्वप विभिन्न कम्पनीहरूमार्फत विभिन्न तिकडम् अपनाएर सेयरबजारका सोझा सीधा लगानीकर्ताहरूलाई लुट्न पल्केकाहरूमाथि सरकारले डोजर चलाएको छ । तिनीहरूमाथि सघन अनुसन्धान गरेर सत्यतथ्य पत्ता लगाइ ठगिएका लगानीकर्ताहरू लाभग्राही हुने स्थिति बन्नुपर्छ । त्यसकारण सेयरबजारका बिचौलियाहरूमाथि वालेन्द्र सरकारले डोजर चलाउँदा आमलगानीकर्ताहरू आत्तिन पर्दैन । किनकि देशमा सबै मानिसहरू चोरैचोर, फटाहा नै फटाहामात्र छैनन् । सेयरबजारमा यस्ता फटाहाहरू धेरै पनि नहोलान् । त्यसकारण वालेन्द्र सरकारको सफाइ र शुद्धीकरण अभियानले बजारको आत्मबल बढ्नुपर्छ । किनकि बजारको शुद्धीकरण उज्ज्वल भविष्यको संकेत हो । किनकि, रवि बार फेरि पनि आउँछ । अहिले थोरै घच्चामच्चा भए पनि सुकिलो भएर सगरमाथाको उचाइ भर्ने सेयरबजारको दिन पक्कै आउँछ । चाँडै नै आउँछ ।

त्यसैगरी सरकारले ठूलठूला ठेक्का विभिन्न अनधिकृत काइदा अपनाएर हत्याउने अनि कामै नगर्ने ठेकेदारहरूमाथि पनि डोजर चलाउन थालेको छ । शुक्रबार ठूला ठेकेदार तथा राप्रपाका नेता बद्री पाण्डेलाई यस्तै आरोपमा पक्राउ गरेको छ । त्यसक्षेत्रमा पनि डोजर चलाएर सरकारले शुद्धीकरण थालेको छ । सरकारले निजी स्कुल तथा कलेजहरूको हकमा पनि विभिन्न नयाँ नियम लगाएको छ । गरिब जनताको ढाड सेक्ने हिसाबले शुल्क लिने, घुमाएर फिराएर लिनेहरूमाथि पनि डोजर लगाउन आवश्यक छ ।

अहिलेसम्मको काम कारबाही हेर्दा सरकार ठीक दिशामा छ । केही अपवादजस्तो विधार्थी संगठन खारेज गर्ने, सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिनेजस्ता सरकारी निर्णय अलोकतान्त्रिक छ । जुन राज्यले ०४८ सालदेखि अवलम्बन गर्दै आएको खुलाबजार अर्थनीतिको विरुद्धमा छ । र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को आफ्नै वाचापत्रको खिलापमा पनि छ । किनकि, लोकतान्त्रिक परिपाटी र संविधान भएको देशमा निषेध गर्न खोजिनु गलत कदम हो ।

सायद सरकारले त्यसमा सही कदम लिन्छ होला । विज्ञापन क्षेत्रको भ्रष्टाचार र अनियमितता नियमन गर्नेगरी बन्देजको आफ्नो निर्णय फिर्ता गर्नुपर्छ । संविधानप्रदत्त लोकतान्त्रिक अधिकारलाई कुण्ठित गर्ने अधिकार सरकारलाई पनि छैन । किनकि अहिलेको लोकतन्त्र वा गणतन्त्र ल्याउन धेरैले रगत, पसिना बगाएका छन् । त्यसकारण विधार्थी संगठनहरूका विसंगतिहरूमाथि, विज्ञापन क्षेत्रको बिचौलियाहरूमाथि डोजर चलाइयोस् तर त्यस क्षेत्रलाई बन्देज होइन, नियमनसहित खुला गरियोस् । अरु त वालेन्द्र सरकारको विसंगतिमाथिको डोजर अभियान शुद्धीकरणको एउटा सार्थक पहलकदमी नै हो ।

## पाठक मञ्च

# जनतालाई आत्मनिर्भर बन्न सिकाऔं

वालेन्द्र शाह नेतृत्वको सरकारले भन्सार नाकामा कडाइ गरेको छ । सशस्त्र प्रहरीले नाकाबाट भन्सार नतिरी सामान ओसार पसार गर्नेलाई धमाधम कानुनको दायरामा ल्याइरहेको छ । एक सय रूपैयाँको सामानमा पनि कर लिएको भन्दै सर्वसाधारणले सरकारको विरोध गरिरहेका छन् ।

तर, विरोध किन ? मुलुक सञ्चालनका लागि आवश्यक पर्ने कर नै हो । करविना देश विकास गर्न सकिँदैन । जनता समृद्धि चाहन्छन् तर कर तिर्न चाहँदैनन् । विदेशी मुलुकमा एक रूपैयाँको सामानमा पनि कर असुलिन्छ । अनि यहाँचाहिँ किन नलिने ? आफ्नो खेतबारी बाँझो राखेर छिमेकी देशबाट आयात गरेको खाने बानी नेपालीलाई लागेको छ ।

सरकारले सबै सामानमा कर लिन थालेपछि कोही अर्काको देशमा सामान लिन जाँदैनन् । आफैं खेती किसानी गर्छन्, खान्छन्, बेच्छन् । यहीँ उत्पादन हुन्छ, त्यो पैसा नेपालमै रहन्छ । मुलुकमा त्यत्रा उद्योग, कलकारखाना थिए । २०४६ सालअघि नेपालले अरु देशलाई खाद्यान्न सहयोग गर्थ्यो ।

पुराना राजनीतिक दलले उद्योग, कलकारखाना बन्द गरेर छिमेकीमा आत्मनिर्भर बनाए । मुलुकलाई छिमेकीको व्यापार गर्ने थलो बनाए । विदेशीलाई धनी बनाए, नेपाललाई कंगाल । अहिले केरा आयातमा प्रतिबन्ध लगाएपछि दर्जनकै ४०० रूपैयाँबराबर पुग्न लागेको छ । नेपाल कुनै समय कृषिप्रधान देश थियो । यहीँको उत्पादनले खान पुगिरहेको थियो । अहिले यहाँ कसले खेतीपाती गर्छ ? नेताले किनेर खान सिकाए, जसका कारण रोप्ने र फलाउने बानी हराउँदै गयो । चामल, तरकारीदेखि सबै खाद्यान्न सामान आयात गर्नुपर्छ । पुराना नेताहरूले उद्योग, कलकारखाना बन्द गरेर जनतालाई रोजगारीका लागि विदेश पठाए ।

म्यानपावर, कन्सल्टेन्सी खोल्न धमाधम इजाजत दिइयो । अहिले जनसंख्याको आधा विदेशमा छन् । उता कमाउने अनि यता आयात गरेर खाने । आज नेपाल टाट पल्टिनुको कारण बाहिरबाट सामान आयात गर्नु होइन ? यही उत्पादन भएको भए, बाहिरबाट सामान ल्याउनुपर्थ्यो ?

खेतीयोग्य जमिन प्लानिङ गर्ने अनि बाटो र घर बनाउने । घरले खान दिन्छ ? रोजगारी दिन्छ ? माटोमा त खेतीपाती गर्ने हो । तर, सरकारले जमिनको कारोबार गर्न सिकायो । एक हजार आना नपर्ने जग्गालाई खण्डीकरण गर्दै लाखौंमा बेच्थे । जे भए पनि राजतन्त्रमा देश आत्मनिर्भर थियो ।

कमसेकम राजाले जनतालाई विदेश पठाएका थिएनन् । नेपालको पैसा बाहिर जान दिएका थिएनन् । यही उब्जनी गर्न सिकाएका थिए । कृषि पनि रोजगारी नै हो । तर, नेताहरूले कृषिलाई छि छि भन्ने अवस्थामा पुऱ्याए । जसका कारण कृषक कृषि गर्न छोडेर विदेश गएका छन् ।

त्यसको असर समग्र राष्ट्रलाई भएको छ । छिमेकी देशले खाद्यान्न नपठाइदिने हो भने यहाँ भोकमरी लाग्ने अवस्था छ । एउटा केरामा आयात रोक्दा त भाउ आकासिएको छ अनि अन्य खाद्यान्न रोक्ने हो भने के हालत हुन्छ ? अर्कोतिर, नेपालीलाई १०० रूपैयाँको सामान किन्न किन अर्काको देश जानुपऱ्यो ?

नेपालमा ती सामान पाइन्न ? कर छल्नका लागि यसैगरी वर्षौंदेखि सामान ओसारिँदै आएको छ । कर छल्ने तिनैलाई फेरि देशमा विकास चाहिएको छ, समृद्धि चाहिएको छ । जनता नै यस्ता द्विरूपी भएपछि कहीँ देश बन्छ ? अब सरकारले जनतालाई उत्पादन गर्न सिकाउनुपर्छ ।

अर्काको भर पऱ्यो भने कतिखेर भोकभोकै बस्नुपर्ने हुन सक्छ भन्न सकिन्न । सरकारले अब कसैलाई बाँझो खेतबारी राख्न दिनुहुँदैन । अर्काको देशमा भर पर्दा आज पुराना दलको यो हालत भयो । वालेन्द्र सरकारले जनतालाई आत्मनिर्भर बन्न सिकाऔं । कृषि पनि प्रमुख रोजगारी हो भन्ने बुझाऔं ।

- **प्रेम महर्जन**, भक्तपुर



**अतिक्रमणले साँघुरिएको पोखरा बसपार्क** | देशको पर्यटकीय राजधानी पोखरास्थित पृथ्वीचोकमा अवस्थित बसपार्कको जमिनमा बनेका संरचनाका कारण खुम्चिएको बसपार्क । *तस्बिरः रासस*

# छेकम्पारबासी यार्सागुम्बा संकलन गर्न लेकतिर

**गोरखा–** जिल्लाको हिमाली भेग छेकम्पारका बासिन्दा यार्सागुम्बा संकलन गर्न लेकतिर जान थालेका छन् । चुमनुब्री गाउँपालिका-७ छेकम्पारका बासिन्दा एक साताअघिदेखि लेकतिर जान थालेका हुन् ।

स्थानीय साङ्पा लामाले 'सिजन' सुरु भएसँगै गाउँलेहरू लेकतिर जान थालेको बताए । छेकम्पारका बासिन्दाको मुख्य आम्दानीको स्रोत यार्सागुम्बा भएकाले यसपटक हिउँ नपग्लिँदै गाउँलेहरू लेकतिर लागेको उनले जानकारी दिए ।



तिब्बती सिमाना आसपासको छेके र बाजुलगायतका लेकमा पुगेर यार्सागुम्बा संकलन गर्ने गरिएको छ । हरेक याममा याक, चौरी, घोडामा खाद्यान्नलगायत दैनिक उपभोग्य सामान ढुवानी गरेर लावालस्करसहित स्थानीयवासी लेकतिर जाने गरेका छन् । 'लेक गएपछि एक महिनासम्म उतै पाल टाँगेर बस्छौं,' लेकतर्फ जाँदै गरेका फुर्बु लामाले भने, 'घर कुर्न बूढापाका गाउँमा बसे पनि अरु सबै उतै जाने गरेका छौं । कोही गइसके, कोही जाँदै छन् ।'

यार्सागुम्बा बेचेर वर्षदिनको खर्चको जोहो गर्नुपर्ने भएकाले सबै काम छोडेर लेकतिर जाने गरेको लामाले बताए । यहाँको लेकमा यार्सागुम्बा संकलन गर्न छेकम्पारभन्दा बाहिरका बासिन्दालाई निषेध छ । स्थानीयले भने समितिलाई जनही ५०० रूपैयाँ शुल्क तिरेपछि लेकमा जान पाउने नियम बनाइएको छ ।

विगत वर्षहरूमा यार्सागुम्बा संकलन गर्न अभिभावकसँगै बालबच्चा पनि लेकतिरै जाने गरेका थिए । यस वर्ष भने यहाँ बुद्ध आधारभूत विद्यालयले आवासीय सुविधासहित पठनपाठनको व्यवस्था मिलाएपछि केही सहज भएको स्थानीयले बताएका छन् । यस कार्यले बालबालिकाको पढाइमा सघाउ पुग्ने विश्वास गरिएको विद्यालयका मुख्य लामा पासाङ फुञ्जोले बताए ।

'हाम्रो करुणा स्वास्थ्य संस्थाले जोसेफ फर डिग्निटी भन्ने विदेशी संस्थाको सहयोगमा बुद्ध आधारभूत विद्यालयलाई चुमगुम्बामा ल्याएर आवासीय सुविधासहित पढाउने व्यवस्था गरेका छौं,' पूर्ववडाध्यक्षसमेत रहेका पासाङले भने, 'यस कार्यपछि अभिभावकहरू लेकतिर गए पनि बालबालिकाहरू छात्रवासमा बसेर पढ्न पाउने छन् । अब विगतमा जस्तो स्कुल बिदा हुँदैन ।' *रासस*

# तरकारीमा विषादी प्रयोगबारे सचेत बन्दै किसान

**राँझा (बाँके)–** जिल्लामा व्यावसायिक रूपमा तरकारी उत्पादन गर्दै आएका किसान विषादी प्रयोगबारे सचेत बन्दै गएका छन् । नेपालगञ्जस्थित रानी तलाउ तरकारी बजारमा बिक्रीका लागि किसानले ल्याएको हरियो तरकारीमा विगतमा विषादी अवशेष भेटिने गरेकामा यो वर्ष हालसम्म फेला परेको छैन ।

कृषि उपज बजार सञ्चालक समितिका अध्यक्ष मोतिसरा थापा क्षेत्रीका अनुसार नमूना परीक्षणका क्रममा विषादीको मात्रा देखिएका किसानको तरकारी जफत गरी सचेत गराउने गरेकाले अहिले किसान आफैँ विषादी प्रयोगमा सचेत हुँदै गएका छन् । भारतबाट आउने तरकारीलाई भन्सारमा खाद्य प्रविधि गुण नियन्त्रण विभागले परीक्षण गर्ने र रानी तलाउ तरकारी बजारमा पुनः नमूना परीक्षण गर्ने गरिएको छ । रानी तलाउ तरकारी बजारमा सार्वजनिक बिदाको दिनबाहेक प्रायः दैनिक रूपमा परीक्षण हुने गरेको अध्यक्ष थापा क्षेत्रीले बताए ।



बेमौसमी तरकारी उत्पादन गर्न किसानले विषादीको मात्रा धेरै प्रयोग गर्ने गरेका छन् । पुस-माघको मौसमी सागमा विषादीको मात्रा नदेखिए पनि अहिले कीराबाट बचाउन किसानले विषादी प्रयोग गरेको हुनसक्ने आशंकामा बेमौसमी तरकारीमा विषादीको अवशेष नमूना जाँचमा चासो दिने गरेको अध्यक्ष थापा क्षेत्रीले बताए । रानी तलाउ तरकारी बजारमा अहिले जिल्लाकै किसानले उत्पादन गरको तरकारी बिक्रीवितरण भइरहेको छ । भारतबाट आउने तरकारी भन्सार गरेर ल्याउँदा महँगो पर्ने भएकाले नेपालकै तरकारीले बजार पाएको उनले बताए ।

विषादी प्रयोग गरेको तरकारी तुरुन्तै टिपेर बजारमा ल्याउँदा विषादीको मात्रा धेरै देखिने केन्द्रीय कृषि प्रयोगशालाका नेपालगञ्जस्थित प्रतिनिधि नायब प्राविधिक सहायक गौरव चौधरीले बताए । उनका अनुसार तरकारी तथा फलफूलजन्य वस्तुको नमूना परीक्षणमा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत भएमा त्यसलाई 'ग्रीन लेबल' (उपभोग गर्न मिल्ने), ३५ देखि ४५ प्रतिशत निषेध प्रतिशत पाइएमा त्यसलाई 'एल्लो लेबल' (चार-पाँच दिनसम्म क्वारेन्टिनमा राखेर पुनःपरीक्षण गर्दा ३५ प्रतिशतभन्दा कम निषेध प्रतिशत देखिएमा उपभोग गर्न मिल्ने) र ४५ प्रतिशतभन्दा माथि निषेध प्रतिशत देखिएमा त्यसलाई 'रेड लेबल' (उपभोग गर्न नमिल्ने) भनेर कैफियत लेखिन्छ ।

विगतमा बाँकेको हिरमिनिया र बाबुगाउँ तथा भारतबाट आयात भएका तरकारीमा बढी मात्रामा विषादी अवशेष भेटिने गरे पनि अहिले सुधार आएको प्रयोगशालाको तथ्यांकले देखाएको छ । तरकारी तथा फलफूलजन्य वस्तुमा 'अर्गानोफस्फेट' र 'कार्बामेट' गरी दुईवटा विषादी समूहको परीक्षण हुने गर्दछ । नेपालगञ्जबाट २०७९ मंसिरदेखि तरकारी तथा फलफूलजन्य वस्तुको विषादी नमूना परीक्षण सुरु गरिएको हो । *रासस*

# 'गल्छी-रसुवागढी सडक'का अतिक्रमण हटाउन सुरु

**त्रिशूली (नुवाकोट)–** 'गल्छी-रसुवागढी सडक योजनाको कार्यालय' मार्फत विस्तार भइरहेको सडकको पहुँच मार्गभित्रका अतिक्रमित संरचना हटाउन थालिएको छ ।

सडकको दायाँबायाँ १५-१५ मिटरभित्र पर्ने घरटहरासहित भौतिक संरचना हटाउन सूचना जारी गरिएको अवधिमा अटेर गर्नेहरूका संरचना शनिबारदेखि हटाउन सुरु गरिएको हो ।



'गल्छी त्रिशूली मैलुङ स्याफ्रुवेंशी रसुवागढी सडक योजना कार्यालय'का प्रमुख कृष्णराज ओझाका अनुसार सडक पहुँचभित्रका संरचनाको नियमअनुसार क्षतिपूर्ति लिएर हटाउने सहमति भए पनि त्यसको पालना नगर्नेका संरचना भत्काउन थालिएको हो । ती संरचनामा ८६ वटा व्यक्तिगत घरटहरासहित एक दर्जन सरकारी कार्यालय तथा संघसंस्थाका संरचना रहेका छन् ।

विदुर नगरपालिकाको सहयोगमा शनिबारदेखि जिल्लाको मुख्य बजार क्षेत्रमा पर्ने ढुंगे, विदुर, बट्टारका अतिक्रमति संरचना भत्काउन थालिएको कार्यालय प्रमुख ओझाले बताए । तीन दिनभित्र जिल्लाभित्रका संरचना भत्काइसक्ने लक्ष्य रहेको उनले जानकारी दिए ।

कार्यालय प्रमुख ओझाले भने, 'सडक पहुँच क्षेत्रका संरचना खाली नहुँदा अन्तर ाष्ट्रिय राजमार्गका रूपमा विस्तार भइरहेको सडकको काम रोकिएको छ । केही दिनभित्रै 'साइट क्लियर' गरेर निर्माण व्यवसायीलाई काम थाल्न निर्देशन दिनेछौं ।'

धादिङको गल्छीबाट नुवाकोटको विदुर हुँदै चीनसँग जोडिएको रसुवागढी नाका पुग्ने यस सडकलाई राष्ट्रिय प्राथमिकताप्राप्त गौरवको आयोजनाका रूपमा विस्तार गर्न थालिएको छ । नुवाकोटको बजार क्षेत्रका अतिक्रमित संरचना हटाउन ढिलाइ हुँदा १० वर्षसम्म पनि योजनाको काम अधुरै छ ।

वि.सं. २०७२ मा नेपाल सरकार मन्त्रिपरिषद् बैठकले चीन, नेपाल र भारत गरी त्रिदेशीय राजमार्गका रूपमा काम अगाडि बढाउने निर्णय गरेको थियो । यसलाई सबैभन्दा छोटो दूरीको अन्तर्राष्ट्रिय राजमार्गका रूपमा निर्माण गर्ने सरकारको योजना छ । *रासस*

# सम्झौता गरेर काम नगर्ने निर्माण व्यवसायीलाई ताकेता

**खोटाङ–** भौतिक पूर्वाधार विकास कार्यालयसँग ठेक्का सम्झौता गरिएका १९ योजनाको काम सुरु गर्न निर्माण व्यवसायीले अटेर गरेका पाइएको छ । कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट चालु आर्थिक वर्ष २०८२/८३ मा बजेट विनियोजन भई ठेक्का सम्झौता गरिएका १९ योजनाका निर्माण कम्पनीले काम सुरु नगरेको पाइएको हो ।

ठेक्का सम्झौता गरेर विभिन्न बहानामा काम सुरु नगरेपछि कार्यालयको तर्फबाट निर्माण व्यवसायीलाई ताकेता गरिएको कार्यालय प्रमुख विमन दाहालले बताए । 'हाम्रो कार्यालयबाट चालु आवमा कूल १२३ योजनाको ठेक्का सम्झौता भएको छ । पटक-पटक खबरदारी गर्दा पनि निर्माण सुरु नगरेपछि १९ कम्पनीका नाममा अन्तिम सूचना प्रकाशन गरिएको छ,' उनले भने, 'तोकिएको समयमा काम सम्पन्न नगरे नियमअनुसार सम्झौता रकमको आधारमा प्रतिदिन ०.०५ प्रतिशतका दरले जरिवाना तिराउन मिल्ने कानुनी व्यवस्था छ । त्यस अवधिमा पनि काम नभए कार्यसम्पादन जमानत जफत गर्ने, थप लागत र अन्य दायित्व असुलउपर गर्ने तथा कम्पनीलाई कालोसूचीमा राख्न सिफारिस गरिन्छ ।'

पूर्वाधार विकास कार्यालयले यसअघि २६ योजनाको काम सुरु नभएको सूचना प्रकाशन गरेको थियो । कार्यालयले पत्राचार गरेपछि सात योजनाका निर्माण व्यवसायीले काम सुरु कार्यालय प्रमुख दाहालले जानकारी दिए । तोकिएको समयभित्र गुणस्तर र परिमाणअनुसार सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा काम गर्न निर्माण कम्पनीलाई कार्यालयले निर्देशन दिएको छ । कोशी प्रदेश सरकारबाट एकवर्षे र बहुवर्षे योजनाका लागि यस आवमा एक अर्ब ९४ लाख ७५ हजार रूपैयाँ बजेट उपलब्ध भएको छ ।

प्रदेश सरकारबाट स्वीकृत भएर आएका आठ योजना जग्गा विवादका कारण ठेक्का आह्वान गर्न नसकिएको कार्यालयले जनाएको छ । काम सुरु नभएका योजनामा कार्यालयबाट व्यवस्थापन हुनुपर्ने बजेट, अग्रिम पेस्की, निर्माणस्थलको स्वामित्व हस्तान्तरण र प्राविधिक सहयोगमा कुनै समस्या नरहेको लेखा प्रमुख सीताराम राउतले जानकारी दिए ।

१० स्थानीय तह रहेको जिल्लाका लागि १७ योजनामा कम बजेट स्वीकृत भएर आएकाले बहुवर्षे योजनामा समावेश गरिदिन प्रदेश सरकारलाई सिफारिस गरिएको कार्यालयले जनाएको छ । गरिब तथा विपन्न परिवारका लागि कोशी प्रदेश सरकार, जनता आवास कार्यक्रमअन्तर्गत दुई करोड रूपैयाँ लागतमा ६० घर निर्माण भइरहेको बताइएको छ । *रासस*

# छोरीबुहारीलाई उच्च शिक्षामा सघाउँदै भीमदत्त नगरपालिका

**कञ्चनपुर–** भीमदत्त नगरपालिकाले उच्च शिक्षामा महिलाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले 'छोरीबुहारी उच्च शिक्षा अध्ययन छात्रवृत्ति' कार्यक्रम कार्यान्वयन गरेको छ ।

नगर क्षेत्रका जेहेन्दार, दलित, विपन्न वर्गका छोरीबुहारीलाई उच्च शिक्षा अध्ययनमा सघाउन नगरपालिकाले उक्त कार्यक्रम कार्यान्वयन गरेको हो । कार्यक्रमअन्तर्गत प्राविधिक र व्यावसायिक शिक्षालाई प्राथमिकता दिइएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेशबहादुर बमका अनुसार एमबिबिएस अध्ययन गर्न दुई जनालाई जनही दुई लाख रूपैयाँ र इन्जिनियरिङ पढ्न तीन जनालाई जनही  एक लाख रूपैयाँ छात्रवृत्तिस्वरूप प्रदान गरिने छ ।

त्यसैगरी, नर्सिङ, फार्मेसी, विज्ञान, व्यवस्थापन, शिक्षा र मानविकीलगायत अन्य संकायमा अध्ययन गर्ने छ जना छात्रालाई जनही ५० हजार रूपैयाँ प्रदान गरिने छ ।

'यो कार्यक्रमबाट आर्थिक अभावका कारण उच्च शिक्षा हासिल गर्न कठिनाइ भएका छात्रालाई राहत पुग्ने हाम्रो विश्वास छ,' प्रमुख प्रशासकीय अधिकृत बमले भने, 'विशेषगरी विवाहपछि उच्च शिक्षालाई निरन्तरता दिन चाहने छोरीबुहारीका लागि यो उपयोगी हुने छ ।' *रासस*

# बाँकेका १२ सामुदायिक वनमा डढेलो

**नेपालगञ्ज (प्रस)–** बाँकेका दुई चक्ला वनसहित विभिन्न सामुदायिक वनमा डढेलो सुरु भएको छ । वन डढेलोका कारण वन्यजन्तुको बासस्थान संकटमा पर्न थालेको जिल्ला वन डिभिजन कार्यालयले जनाएको छ ।

एक सातायतादेखि सुरु भएको वन डढेलोका कारण करिब चार हजार हेक्टर क्षेत्रफल प्रभावित भएको जिल्लास्थित डिभिजन वन कार्यालयका योजना अधिकृत सुशील सुवेदीले जानकारी दिए । उनका अनुसार शमशेरगञ्ज माथेमा चक्ला वन, भुवरभवानी चक्ला वन, झिँझरी महिला सामुदायिक वन, राप्ती पीडित गुलरी सामुदायिक वनलगायत १२ वटा सामुदायिक वनमा डढेलो लागेको छ ।



डढेलो निभाउने प्रयास जारी रहेको जनाउँदै उनले भित्रभित्र वनमा लागेको डढेलो नियन्त्रणमा आउन नसकेको सुवेदीले उल्लेख गरे । जनशक्ति र स्रोत कम हुँदा समयमा डढेलो नियन्त्रण हुन नसकेको भन्दै उनले सोही कारणले क्षति भइरहेको बताए । उनका अनुसार जिल्लामा वन डढेलो नियन्त्रणमा लागि १४ जनाको डढेलो नियन्त्रण दस्ता निर्माण गरिएको छ । अहिले रहेको २००० लिटर क्षमताको ट्र्याक्टरले राजमार्ग आसपासका क्षेत्रमामात्रै वन डढेलो निभाउन सकिएको उनले जानकारी दिए ।

डढेलो नियन्त्रणका लागि वनका भित्री भागसम्म जान सक्ने दमकल आवश्यक भएको उल्लेख गर्दै वन कार्यालयका योजना अधिकृत सुवेदीले बढ्दो खडेरीले भित्री क्षेत्रमा डढेलो झन बढेको उल्लेख गरे । 'केही दिनभित्र पानी परेन भने वन डढेलो झनै बढ्ने खतरा छ,' उनले भने ।

जिल्लामा ५० हजार हेक्टर वन क्षेत्र रहेको वन कार्यालयका योजना अधिकृत सुवेदीले जानकारी दिए । वन डढेलो नियन्त्रण गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आइएको उल्लेख गर्दै उनले केही गलत व्यक्ति र आचरणका कारण वनमा डढेलो लागेको बताए । यसैबीच सिक्टा नहरमा फसेको चित्तल मारेर खाएको आरोपमा तीन जनालाई पक्राउ गरिएको छ । पक्राउ परेकाहरूलाई वन कार्यालयको हिरासतमा राखेर अनुसन्धान भइरहेको वन कार्यालयका योजना अधिकृत सुवेदीले जानकारी दिए । उनका अनुसार अनुसन्धान भइरहेकाले निजहरूको नाम, थर गोप्य राखिएको छ ।

त्यस्तै स्थानीयले नहरमा फसेका चारवटा चित्तलको आइतबार उद्धार गरेका छन् । बढ्दो खडेरीका कारण नहरमा पानी खान पुगेका चित्तल पानी खाँदाखाँदै नहरमा फसेका थिए । हरलाफाँटा सामुदायिक वनका उपभोक्ताले ती चित्तलको उद्धार गरी कार्यालयमा बुझाएका डिभिजन वन कार्यालय बाँकेले जनाएको छ ।

# प्रभाव दैनिक

रूपशाला

सोमबार, १४ वैशाख २०८३ (Monday, 27 April 2026)


## कलाकारितामा होमिँदै जमुना

फेसन डिजाइनर जमुना शाही ठकुरी कलाकारितामा पनि होमिने भएकी छन् । सानैदेखि कलाकारितामा रुचि राख्दै उनी आफ्नो कलाकारितालाई निखार्नका लागि कलाघर नामक संस्थामा आबद्ध छिन् । उनी नाटक 'अछेता' मा कलाकार सँगसँगै कस्ट्युम डिजाइनको भूमिकामा आबद्ध छिन् । उनी आफू एउटा राम्रो कलाकार जसले समाजका हरेक चरित्रहरु निभाउँदै परिवर्तनका कार्यहरुमा र गरिब निमुखाको आवाज बन्न कोसिस गरिरहेको बताउँछिन् ।



# आगामी शुक्रबारदेखि प्रदर्शनमा आउने 'लालीबजार' को चर्चा




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'टलक जंग भर्सेस टुल्के', 'जात्रा', 'जात्रै जात्रा', 'महापुरुष', 'महाजात्रा' जस्ता सफल फिल्म निर्माण गरेको षट्कोण आर्ट्सले निर्माण गरेको फिल्म 'लालीबजार' आगामी वैशाख १८ मा प्रदर्शन हुँदै छ । अभिनेत्री स्वस्तिमा खड्का मुख्य भूमिकामा रहेको उक्त फिल्मको सार्वजनिक पहिलो पोस्टरले नै दर्शकको ध्यान केन्द्रित गरेको थियो ।

गर्भवती महिला शृंगार गरेर ढोकामा उभिएर हेरिरहेको पोस्टरले फिल्मको कथासार व्याख्या गरेको थियो । सार्वजनिक ट्रेलर र गीतसंगीतका कारण प्रतिक्षित बनेको फिल्ममा स्वस्तिमाले बादी महिलाको भूमिका निर्वाह गरेकी छन् ।

'बुलबुल' र 'चिसो मान्छे' पछि स्वस्तिमालाई पात्रले चर्चामा ल्याएको फिल्म 'लालीबजार' लाई उनले आफ्नो अभिनययात्राको 'टर्निङ प्वाइन्ट' मानेकी छन् । अभिनययात्रा प्रारम्भ गरेको दशकपछि पहिलोपटक अडिसन दिएर स्वस्तिमाले आफूलाई 'लालीबजार' को मधुवाला नामक पात्रका लागि तयार गरेकी थिइन् । फिल्मको सार्वजनिक गीत 'मायालाई के दिउँ म बैना' पछिल्लो समय युटचुब, टिकटक, रिल्स र सर्टस्मा लोकप्रिय छ ।

यस्तै, 'मिठो संसार' र 'मै राम्री छु त नि' पनि दर्शकले रुचाएका छन् । 'जात्रा' देखि षट्कोण आर्टस्ले निर्माण गरेको फिल्मलाई प्रदीप भट्टराईले निर्देशन गरेका थिए । तर, यसपटक 'लालीबजार' मा निर्देशनको जिम्मा यम थापालाई दिइएको छ । फिल्मको कथा पनि उनकै हो भने पटकथा निर्देशकद्वय भट्टराई र थापाले तयार गरेका छन् ।

बादी समुदायले गर्व गर्न सक्नेगरी फिल्म तयार गरिएको षट्कोण आर्टस्को भनाइ छ । शनिबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा फिल्मको विषयमा निर्माता म्याक्स दीपेश खत्री, निर्देशक यम थापा, कार्यकारी निर्माता तथा पटकथाकार प्रदीप भट्टराई, अभिनेत्री स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, अभय बराल, गोविन्द सुनार, आशा पौडेल, समाइरा थापासँगै डेब्यु कलाकार विशाल देवकोटा र प्रशंसा सुवेदीले छलफल गरे ।

विशाल थियटरमा अभिनेतासँगै निर्देशकका रूपमा काम गरिरहेका कलाकर्मी हुन् भने प्रशंसा जेन-जी अभियन्तासँगै कन्टेन्ट क्रिएटरका रूपमा परिचित छिन् । यी दुवै आफ्नो डेब्यु फिल्मलाई लिएर निकै उत्साहित छन् ।

# जेठको सुरूवातमै जनकपुर साहित्य महोत्सव

**काठमाडौं (प्रस)–** जनकपुर साहित्य महोत्सवको नयाँ मिति टुंगो लागेको छ । आयोजक संस्था नव मिथिला फाउण्डेसनले आगामी जेठ १, २ र ३ गते महोत्सव आयोजना हुने जानकारी दिएको हो । यसअघि गत माघ २२, २३ र २४ गतेका लागि तय गरिएको महोत्सव देशको प्रतिकूल अवस्थाका कारण स्थगित गरिएको थियो । महोत्सवलाई निरन्तरता दिन नयाँ मिति तय गरिएको फाउण्डेसनले जनाएको छ ।



जनकपुर साहित्य महोत्सवले विशेषगरी भाषा, साहित्य र संस्कृतिको प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । यो महोत्सव जनकपुरको 'सिग्नेचर इभेन्ट'को रूपमा स्थापित भइसकेको फाउण्डेसनको दाबी छ । 'महोत्सवमा साहित्य र सांस्कृतिक पहिचानको विषयसँगै समसामयिक राजनीति, समाज, अर्थतन्त्र, सुशासन, शिक्षा, स्वास्थ्य र रोजगारसँग सम्बन्धित मुद्दाहरूमा प्राथमिकताका साथ विचार विमर्श हुँदै आएको छ,' फाउण्डेसनले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

स्थानीय प्रतिभाहरूलाई अवसर र बाहिरकालाई जनकपुर चिनाउने मौकाको रूपमा पनि यो महोत्सव रहने गरेको जनाइएको छ । 'महोत्सवले सदैव महिला सहभागिता, युवा तथा सीमान्तकृत समुदायका आवाजहरूलाई उच्च सम्मानसहित प्राथमिकतामा राख्ने गरेको छ,' फाउण्डेसनको भनाइ छ ।

## रंगशाला

### आइसिसी महिला च्यालेञ्ज ट्रफी

# नेपाल अमेरिकासँग पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी महिला टि-ट्वान्टी च्यालेञ्ज ट्रफीअन्तर्गत आइतबार भएको खेलमा नेपाल अमेरिकासँग पराजित भएको छ । रुवाण्डाको किगालीस्थित गहंगा क्रिकेट स्टेडियममा नेपाल अमेरिकासित सात विकेटले पराजित भएको हो ।

नेपालले दिएको ८७ रनको विजयी लक्ष्य अमेरिकाले ११.५ ओभरमा तीन विकेट गुमाउँदै पूरा गऱ्यो । उसका लागि इसानी वाघेलाले सर्वाधिक ३५ रनको योगदान दिइन् भने सैनभी कम्बालापालीले २१ तथा पूजा गनेशले २० रन बनाइन् । बलिङतर्फ नेपालका लागि मनिशा उपाध्याय, पूजा महत्तो र ईन्दू बर्माले एक-एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै ८६ रन बनायो । नेपालका लागि रुवि पोदारले सर्वाधिक ५१ रनको योगदान दिइन् । त्यसबाहेक नेपालका अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । पूजा महतो र कविता कुँवरले समान आठ/आठ रन जोडे । बलिङतर्फ अमेरिकाकी माही माधभन र रितु पृया सिंहले समान दुई/ दुई विकेट लिए ।

# नेपाल एसियन 'बिच गेम्स' को सेमिफाइनलमा

**काठमाडौं (प्रस)–** छैटौं एसियन 'बिच गेम्स' २०२६ को समूह 'बी' अन्तर्गतको अन्तिम खेलमा नेपालले बंगलादेशलाई पराजित गरेको छ ।

चीनको हाइनान्स्थित सन्या सहरमा आइतबार भएको खेलमा नेपाल बंगलादेशलाई ३८-३६ ले पराजित गर्दै विजयी भएको हो । यससँगै नेपाल समूह 'बी' को विजेताको रूपमा सेमिफाइनलमा प्रवेश गरेको हो । नेपाल समूह 'बी' मा अपराजित रहँदै सेमिफाइनल खेल्न लागेको हो ।

नेपालले पहिलो हाफमा १९-१७ ले अग्रता बनाएको थियो । दोस्रो हाफमा सोही अग्रतालाई कायम राख्दै नेपालले जित दर्ता गरेको हो । नेपालले समूह चरणको पहिलो खेल चाइनिज ताइपेइसँग खेल्दै ४८-३२ को जित दर्ता गरेको थियो ।

समूह चरणको दोस्रो खेलमा नेपालले थाइल्याण्डलाई पराजित गरेको थियो । नेपालले थाइल्याण्डलाई ४९-३३ ले पराजित गरेको हो । नेपालले अब सेमिफाइनलमा श्रीलंकासँग खेल्ने छ ।

# रोशनलाई अग्रज खेल पत्रकारिता सम्मान

**काठमाडौं (प्रस)–** नेपाल खेलकुद पत्रकार मञ्चले हरेक वर्ष प्रदान गर्दै आएको 'अग्रज खेल पत्रकारिता सम्मान' बाट यस वर्ष वरिष्ठ खेलकुद पत्रकार रोशनसिंह राउत तथा 'सुमन भोम्जन स्मृति युवा पत्रकारिता पुरस्कार-२०८३' बाट नायक पौडेल पुरस्कृत भएका छन् ।

मञ्चको २१औं वार्षिक साधारणसभाको अवसरमा आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले दुवै पत्रकारलाई सम्मानित गरे । अग्रज सम्मान पाएका राउतले सम्मानपत्रसहित ३५ हजार रूपैयाँ र नायकले ल्यापटप पुरस्कार प्राप्त गरेका हुन् । हाल लोकान्तर अनलाइनमा कार्यरत खेल पत्रकार राउतले करिब तीन दशकदेखि खेलकुद पत्रकारिता गर्दै आएका छन् । सो क्रममा उनले श्री सगरमाथा र एभरेस्ट हेराल्ड हुँदै रेडियो नेपाल, राष्ट्रिय समाचार समिति, स्पेस टाइम्समा काम गरेका थिए । त्यस्तै अन्नपूर्ण पोस्टमा उनले दुई दशक खेलकुद ब्युरो प्रमुखका रूपमा काम गरेका थिए ।

रोशनले पूर्वाञ्चल विश्व विद्यालयबाट पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर र त्रिभुवन विश्वविद्यालयबाट कानुन विषयमा स्नातक तह उत्तीर्ण गरेका छन् । सम्मान प्राप्त गरेपछि राउतले भने, 'मैले विभिन्न ठाउँबाट सम्मान पाएको छु । तर यो सम्मान मेरो लागि विशेष छ । किनकि यो मैले आफ्नै परिवारबाट पाएको हुँ ।'

यसैगरी सुमन भोम्जन युवा पत्रकारिता पुरस्कारबाट पुरस्कृत युवा पत्रकार नायक द राइजिङ नेपाल हुँदै द काठमाण्डु पोस्ट दैनिकमा काम गरेका छन् । राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव मेहताले पुरस्कृत पत्रकारलाई बधाई दिँदै मञ्चको साधारणसभाको सफलताको कामना गरे ।


**सच्याइएको**

यही मिति २०८३ जेष्ठ १६ गते शनिबारका दिन गण्डकी प्रदेशको राजधानी पोखरामा हिमोफिलिया सोसाइटी नेपालको **३२औं वार्षिक साधारण सभा** सम्बन्धी २०८३/०१/१३ मा प्रकाशित सूचनामा महाधिवेशन शब्द भुलबस परेको हुँदा सच्याइएको छ ।

**हिमोफिलिया सोसाइटी नेपाल**
**अनामनगर, काठमाडौं**



**युएइमा रोजगार** — कम्पनी : FURSAN SECURITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 335745 | चलानी नं. ६०२४९७६४

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard-PSBD | 98 | 8 | 2000 | ८२,०४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख २० गते (3rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.lic.no. 1777/082/083

**I.M.G. Nepal Pvt.Ltd.**
Lalitpur Metropolitan City-13, Ekantakuna, Lalitpur, Tel : 015415570
Ph. No: Narayan Babu Karki : 9860929700, E-mail : imgnepal2@gmail.com,



**Mauritius मा रोजगार** — कम्पनी : RHT BUS SERVICES LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/११ | LT. No. 324910 | चलानी नं. ६०२३९१७१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AUTOMOBILE ELECTRICIANS | 5 | 0 | 17405 | ५५,९४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Automobile Mechanics | 10 | 0 | 17405 | ५५,९४९ | | | | | | | |
| 3. | Brick Builder | 10 | 0 | 17405 | ५५,९४९ | | | | | | | |
| 4. | Bus Drivers | 18 | 0 | 22947 | ७३,७६४ | | | | | | | |
| 5. | electric arc welder | 5 | 0 | 17405 | ५५,९४९ | | | | | | | |
| 6. | HEAVY VECHICLE DRIVER | 15 | 0 | 17405 | ५५,९४९ | | | | | | | |
| 7. | Painter | 5 | 0 | 17405 | ५५,९४९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १९ गते (2nd May 2026) मा हुनेछ ।

नोट : यो विज्ञापन मिति २०८३ वैशाख १२ गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गएकोले आज मिति २०८३ वैशाख १४ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



**ओमनमा रोजगार** — कम्पनी : GALFAR ENGINEERING & CONTRACTING SAOG

पूर्व स्वीकृति मिति : २०८२/११/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 339766 | चलानी नं. ६०२५३०६१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding fitting metal labor (scaffolder) | 1 | 0 | 120 | ४७,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Reinforcce Building Smith | 4 | 0 | 120 | ४७,०७० | | | | | | | |
| 3 | General Building painter | 10 | 0 | 120 | ४७,०७० | | | | | | | |
| 4 | Buildings Joiner | 62 | 0 | 120 | ४७,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: - धनुषा, जनकपुर, PR ट्रेनिङ सेन्टरमा मिति: २०८३ वैशाख २१ गते (4th May 2026) मा हुनेछ ।
- बाँके, नेपालगञ्ज, Gajraj ट्रेनिङ सेन्टरमा मिति: २०८३ वैशाख २२ र २६ गते (5th and 9th May 2026) मा हुनेछ ।
- काठमाडौं, ग्लोबल ट्रेनिङ इन्स्टिट्युट प्रा.लि. मा मिति: २०८३ वैशाख २३ गते (6th May 2026) मा हुनेछ ।
- सुनसरी, इटहरी, सुनसरी मल्टिपल ट्रेनिङ सेन्टरमा मिति: २०८३ वैशाख २४ गते (7th May 2026) मा हुनेछ ।
- धनुषा, जनकपुर, मा जानकी ट्रेनिङ सेन्टरमा मिति: २०८३ वैशाख २५ गते (8th May 2026) मा हुनेछ ।
- संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २७ गते (10th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 1543/078/079

**Index Recruitment Pvt. Ltd.**
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443, Neelam Ghimire: 9814269669
Beena gurung: 9813850986, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np



**कतारमा रोजगार** — कम्पनी : SECTOR STEEL DOHA

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 337858 | चलानी नं. ६०२५१३५१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Wlding Oxygen | 1 | 0 | 1200 | ४९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician Mechanical | 5 | 0 | 1200 | ४९,६०० | | | | | | | |
| 3. | Trainer | 2 | 0 | 1500 | ६१,९९९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १९ गते (2nd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**J.K. OVERSEAS PVT. LTD.**
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016, Jiwan Thapa, 9851055504
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम ईजाजत नं. १७२०/०८१/०८२



**साउदीमा रोजगार** — कम्पनी : FARAJ QUTAIM AL-SHAMMARI TRANSPORTATION COMPANY — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८३/०१/०९ | LT. No. 340823 | चलानी नं. ६०२५४२८७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ७२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख १७ गते (30th April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com



**युएइमा रोजगार** — कम्पनी : CAREERLINE FOR EMPLOYMENT

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 316136 | चलानी नं. ६०२३०३००

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 4 | 0 | 800 | ३२,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 16 | 0 | 1200 | ४९,२२५ | | | | | | | |
| 3 | Mason (Nepal) | 14 | 0 | 1200 | ४९,२२५ | | | | | | | |
| 4 | Steal Fixer | 38 | 0 | 1200 | ४९,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख २१ गते (4th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**
Tokha -07, Basundhara, Kathmandu, Nepal
(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com



**कुवेतमा रोजगार** — कम्पनी : RETAJ BEAUTY LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८१/१२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 321144 | चलानी नं. ६०२३५२३६

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 4 | 150 | ७३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २१ गते (4th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1723/081/082

**Sultan Gulf Overseas Pvt. Ltd.**
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No. 9840072590 Bashista Bhat, Email: sultangulfoverseas1723@gmail.com



**कुवेतमा रोजगार** — कम्पनी : LATI BAR FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/१०/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/१३ | LT. No. 337057 | चलानी नं. ६०२५०६७८

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 10 | 150 | ७३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २१ गते (4th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



भारतको अहमदाबादको बाहिरी इलाकामा गर्मी याममा पानी भण्डारण गर्न प्रयोग गरिने माटोका भाँडाहरू सार्दै एक कामदार । *तस्बिरः एएफपी*

# मध्यपूर्व द्वन्द्वका कारण ऊर्जा संकट गहिरिँदै, अमेरिकी अर्थतन्त्र प्रभावित

**वासिङ्टन–** अमेरिकी केन्द्रीय बैंक फेडरल 'रिजर्भ'ले आगामी बैठकमा ब्याजदर यथावत् राख्ने सम्भावना उच्च देखिएको छ, जसलाई विश्लेषकहरूले हालको आर्थिक र भूराजनीतिक अवस्थासँग जोडेर हेरेका छन् ।

अहिले ब्याजदर ३.५० प्रतिशतदेखि ३.७५ प्रतिशतको दायरामा छ र यसलाई परिवर्तन नगरी कायम राख्ने अपेक्षा गरिएको छ । यसको मुख्य कारण मध्यपूर्वमा जारी युद्ध हो, जसले विश्वव्यापी तेल आपूर्तिमा असर पारेको छ । विशेषगरी इन्धन र ऊर्जा मूल्य बढ्दा अमेरिकामा उत्पादन लागत, यातायात खर्च र दैनिक उपभोग्य वस्तुको मूल्यसमेत वृद्धि भएको छ, जसले मुद्रास्फीतिमा थप दबाब सिर्जना गरेको छ ।

हाल अमेरिकामा मुद्रास्फीति ३.३ प्रतिशत पुगेको छ, जुन पछिल्ला करिब दुई वर्षको उच्च स्तर मानिन्छ । फेडरल रिजर्भको मुख्य उद्देश्य मूल्य स्थिरता कायम राख्नु र रोजगारी बजारलाई सन्तुलनमा राख्नु हो । तर अहिलेको अवस्थामा यी दुई लक्ष्यबीच सन्तुलन मिलाउन कठिन भइरहेको छ, किनकि एकातिर महँगी नियन्त्रण गर्न कडा मौद्रिक नीति आवश्यक छ भने अर्कोतर्फ आर्थिक वृद्धि र रोजगारीलाई असर नपर्ने गरी नीति बनाउनुपर्ने दबाब छ ।

विशेषज्ञहरूका अनुसार ऊर्जा संकटलेमात्र होइन, आपूर्ति शृंखलामा आएको अवरोधले पनि महँगीलाई निरन्तर उच्च राख्न मद्दत गरिरहेको छ । यसले उपभोक्ता खर्च घटाउने सम्भावना बढाएको छ र व्यवसायहरूमा लागत दबाब थपेको छ । यही कारणले फेडले तत्काल ब्याजदर घटाउने सम्भावना कम देखिएको हो ।

फेडका अधिकारीहरू पनि अहिलेको अवस्थामा 'पर्ख र हेर' रणनीति अपनाइरहेका छन्, किनकि युद्धको प्रभाव अझै पूर्ण रूपमा स्पष्ट भएको छैन । केही नीति निर्माताहरूले दीर्घकालीन महँगी जोखिम बढ्ने चेतावनी दिएका छन्, जसले भविष्यमा ब्याजदर कटौतीको सम्भावनालाई पनि कमजोर बनाएको छ ।

साथै, फेडको निर्णय राजनीतिक दबावबीच पनि आउँदै छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ब्याजदर घटाउन निरन्तर दबाब दिइरहेका छन् भने फेडको स्वतन्त्रता र नेतृत्व परिवर्तनबारे समेत बहस भइरहेको छ । यी सबै कारणले आगामी बैठक केवल आर्थिक निर्णयमात्र नभई राजनीतिक दृष्टिले पनि महत्त्वपूर्ण बन्न पुगेको छ ।

ऊर्जा संकट, उच्च मुद्रास्फीति, रोजगारी बजारको अनिश्चितता र राजनीतिक दबाबका कारण फेडरल रिजर्भले तत्काल ब्याजदर परिवर्तन नगरी स्थिर राख्ने सम्भावना सबैभन्दा बलियो देखिएको छ, जबकि भविष्यको दिशा भने अझै अनिश्चित रहेको छ । *रासस/एएफपी*

# जापानमा मूल्यवृद्धिको असर भेण्डिङ मेसिन बजारमा

**टोकियो–** जापानमा मूल्यवृद्धिका कारण 'भेण्डिङ मेसिन' बाट बिक्री हुने पेय पदार्थहरूको माग घट्दै गएको छ, जसले देशको लामो समयदेखि चलिआएको भेण्डिङ मेसिन संस्कृतिमा परिवर्तन ल्याइरहेको छ ।

जापानमा भेण्डिङ मेसिनहरू अत्यन्तै सामान्य छन्- यी पोस्ट अफिस, पार्क, रेल स्टेसन, सडक किनारमात्र होइन, माउन्ट फुजीजस्ता दुर्गम स्थानहरूमासमेत पाइन्छन् । तर अहिले उपभोक्ताको खर्च गर्ने व्यवहार बदलिँदै जाँदा यो व्यवसाय दबाबमा परेको छ ।

भेण्डिङ मेसिन एउटा स्वचालित यन्त्र हो, जसबाट मानिसले पैसा (नगद वा डिजिटल भुक्तानी) राखेर आफूलाई चाहिएको सामान तुरुन्त प्राप्त गर्न सक्छन् । यसमा सामान्यतया पेयपदार्थ, स्न्याक्स, चुरोट, खाना वा अन्य साना सामानहरू राखिएका हुन्छन् । ग्राहकले मेसिनमा पैसा हालेर वा कार्ड/मोबाइलबाट भुक्तानी गरेर बटन थिचेपछि सम्बन्धित वस्तु बाहिर निस्किन्छ ।



यसको मुख्य विशेषता भनेको मानव बिक्रेताबिना २४ घण्टा नै सेवा दिन सक्नु हो । पछिल्ला वर्षहरूमा जापानमा जीवनयापन खर्च बढेको छ, जसले पेयपदार्थ उद्योगमा प्रत्यक्ष असर पारेको छ । इन्धन, ढुवानी, विद्युत् र मर्मत खर्च बढ्दा भेण्डिङ मेसिन सञ्चालन महँगो भएको छ । साथै, मेसिनहरूमा सामान भर्ने, मर्मत गर्ने र व्यवस्थापन गर्ने जनशक्तिको खर्च पनि बढेको छ । यी सबै कारणले कम्पनीहरूको नाफा घट्दै गएको छ ।

यसै क्रममा ठूला कम्पनीहरूले आफ्ना भेण्डिङ मेसिन नेटवर्क पुनर्गठन गर्न थालेका छन् । केही कम्पनीहरूले हजारौं मेसिन हटाउने निर्णय गरेका छन् भने केहीले आफ्नो भेण्डिङ व्यवसाय नै बिक्री गर्ने तयारी गरेका छन् । कम्पनीहरूको मुख्य समस्या भनेको बढ्दो लागतका कारण पुरानो 'सूची मूल्यमा बिक्री गर्ने' मोडेल अब लाभदायक नहुनु हो ।

उपभोक्ताहरू पनि परिवर्तन हुँदै गएका छन् । पहिले सजिलो र तुरुन्त उपलब्ध हुने भएकाले भेण्डिङ मेसिन लोकप्रिय थियो, तर अहिले मूल्य बढेपछि धेरै मानिसहरू सुपरमार्केट, कन्भिनियन्स स्टोर वा औषधि पसलहरूमा पाइने सस्तो पेयपदार्थ रोज्न थालेका छन् । उदाहरणका लागि, भेण्डिङ मेसिनबाट पानी पनि तुलनात्मकरूपमा महँगो पर्ने भएकाले उपभोक्ताहरू अन्य विकल्पतर्फ आकर्षित भइरहेका छन् ।

साथै, वातावरणीय चेतनाको वृद्धि पनि अर्को कारण हो । केही मानिसहरूले एकपटक प्रयोग हुने प्लास्टिक बोतल वा क्यान कम गर्न आफ्नै पुनःप्रयोग गर्न मिल्ने बोतल बोकेर हिँड्न थालेका छन्, जसले भेण्डिङ मेसिनको बिक्रीमा थप असर पारेको छ ।

यद्यपि विशेषज्ञहरूका अनुसार भेण्डिङ मेसिन पूर्णरूपमा हराउने सम्भावना छैन । जापानमा यसको सबैभन्दा ठूलो विशेषता भनेको सुविधा हो- लगभग जुनसुकै ठाउँमा छोटो दूरीमै मेसिन भेटिन्छ, जुन सुविधा अन्य माध्यमले सजिलै प्रतिस्थापन गर्न सक्दैन । तर भविष्यमा कम्पनीहरूले नाफा बचाउनका लागि कम स्थानमा, बढी रणनीतिक र उच्च माग भएका क्षेत्रमामात्र मेसिन राख्ने प्रवृत्ति बढ्ने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# राष्ट्रपति ट्रम्प सहभागी 'डिनर कार्यक्रम'मा गोली चल्यो, राष्ट्रपति सुरक्षित

**वासिङ्टन–** अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्प सहभागी रहेको 'डिनर कार्यक्रम' मा एक हतियारधारी व्यक्तिले आक्रमण गर्ने प्रयास गर्दा ठूलो सुरक्षा घटना भएको छ ।

प्रारम्भिक जानकारीअनुसार ती व्यक्तिले बन्दुक र चक्कु लिएर कार्यक्रमस्थलको लबी क्षेत्रमा प्रवेश गर्ने प्रयास गरेका थिए, त्यसपछि सुरक्षाकर्मीहरू तत्काल सक्रिय भएका थिए र उनलाई नियन्त्रणमा लिएका थिए । घटनाका क्रममा गोली चलेको आवाज सुनिएको थियो र केही अतिथिहरू डराएर टेबलमुनि लुकेका थिए । राष्ट्रपति ट्रम्पलाई सुरक्षाकर्मीहरूले तुरुन्तै सुरक्षित स्थानमा लगेका थिए र उनी सकुशल रहेका छन् ।

सुरक्षा अधिकारीहरूसँग भएको मुठभेडमा आक्रमणकारीले गोली हानेको र सुरक्षाकर्मीहरूले पनि जवाफी कारबाही गरेको बताइएको छ । एक सुरक्षा अधिकारीलाई गोली लागेको भए पनि बुलेटप्रुफ ज्याकेटका कारण गम्भीर क्षति हुनबाट जोगिएको छ । आक्रमणकारीलाई घटनास्थलमै नियन्त्रणमा लिइएको छ र उनी एक्लै योजना बनाएर



आएको प्रारम्भिक निष्कर्ष छ ।

अमेरिकी सरकारी वकिलका अनुसार उक्त संदिग्धविरुद्ध हिंसात्मक अपराधका क्रममा हतियार प्रयोग गरेको र संघीय सुरक्षाकर्मीमाथि खतरनाक हतियार प्रयोग गरी आक्रमण गरेको आरोप लगाइने छ । उनलाई सोमबार राजधानीस्थित संघीय अदालतमा पेस गरिने छ । समाचार स्रोतका अनुसार घटना अचानक भएको भए पनि सुरक्षाकर्मीहरूको तत्काल प्रतिक्रियाका कारण ठूलो दुर्घटना हुनबाट जोगिएको छ । अहिले घटनाबारे विस्तृत अनुसन्धान जारी छ र सुरक्षालाई अझ कडा बनाइएको छ । *रासस/एपी/एएफपी*

# इरान-अमेरिका वार्ता अनिश्चित, अमेरिकी प्रतिनिधिमण्डलको पाकिस्तान यात्रा रद्द

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको सम्भावित दोस्रो चरणको वार्ताका लागि पाकिस्तान जाने तयारीमा रहेका अमेरिकी प्रतिनिधिमण्डलको यात्रा रद्द गरेका छन् । उनले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै लामो यात्रा समय, कार्यभारको चाप तथा इरानी नेतृत्वभित्र देखिएको असमझदारीका कारण उक्त निर्णय गरिएको उल्लेख गरेका छन् ।

राष्ट्रपति ट्रम्पले अमेरिकासँग वार्तामा सबै आवश्यक शक्ति



रहेको बताउँदै यदि इरान पक्षले संवाद गर्न चाहन्छ भने सीधै सम्पर्क गर्न सकिने धारणा व्यक्त गरेका छन् । यसअघि पनि उनले आफ्ना ज्वाइँ जेरेड कुश्नर र विशेष दूत स्टीभ विटकोफको पाकिस्तान भ्रमण स्थगित गरिएको जानकारी गराएका थिए ।

यसैबीच, इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले पाकिस्तानको औपचारिक भ्रमण सम्पन्न गरी इस्लामाबाद छोडेका छन् । उनले पाकिस्तानको शान्ति प्रयास तथा मध्यस्थ भूमिकाको प्रशंसा गर्दै यसलाई फलदायी भ्रमणका रूपमा वर्णन गरेका छन् भने अमेरिकी पक्षको कूटनीतिक प्रतिबद्धताबारे प्रश्नसमेत उठाएका छन् । उता, अमेरिका र इरानबीचको तनावपूर्ण अवस्थाकाबीच फारसको खाडी क्षेत्रमा सुरक्षा सतर्कता बढाइएको छ । *रासस/एपी*

# इराकमा लगातार ड्रोन आक्रमण, नागरिक क्षेत्रमा ठूलो क्षति

**बग्दाद–** इराकको अर्धस्वायत्त कुर्दिस्तान क्षेत्रमा फेब्रुअरी २८ देखि अप्रिल २० सम्म ड्रोन र क्षेप्यास्त्रबाट ८०९ आक्रमण भएको स्थानीय अधिकारीहरूले बताएका छन् । ती आक्रमणमा २० जना सर्वसाधारणको मृत्यु भएको छ भने १२३ जना घाइते भएका छन् ।

कुर्दिस्तान क्षेत्रीय सरकारको सञ्चार तथा सूचना विभागले जारी गरेको विज्ञप्तिअनुसार अधिकांश आक्रमण नागरिक क्षेत्रलाई लक्षित गरेर गरिएको थियो, यद्यपि क्षेत्रले जारी क्षेत्रीय द्वन्द्वमा तटस्थता घोषणा गरेको छ ।

विज्ञप्तिमा नागरिक र निजी क्षेत्रले सबैभन्दा बढी मानवीय तथा भौतिक क्षति बेहोरेको उल्लेख गरिएको छ। एरबिल प्रान्तमा सबैभन्दा धेरै ४७७ आक्रमण भएका छन्, जसमा ४१९ ड्रोन आक्रमण र ५८ क्षेप्यास्त्र आक्रमण समावेश छन् । ती आक्रमणमा १० जनाको मृत्यु भएको छ भने ८३ जना घाइते भएका छन् ।


कुर्दिस्तान क्षेत्रीय सरकारले विभिन्न 'आधारहीन बहानामा' नागरिक क्षेत्रमा आक्रमण गरिएको जनाएको छ । यी आक्रमणहरू फेब्रुअरी २८ देखि सुरु भएको संयुक्त अमेरिकी-इजरायली आक्रमणपछि क्षेत्रीय तनाव बढेका बेला भएका हुन्, जसको प्रतिक्रिया स्वरूप इरान र उसका सहयोगीहरूले मध्यपूर्वभर अमेरिकी र इजरायली स्वार्थलाई लक्षित गर्दै आक्रमण गरेका छन् । *रासस/सिन्ह्वा*

# दिल्ली विमानस्थलमा स्विस विमानको इञ्जिनमा आगलागी, ६ जना घाइते

**नयाँदिल्ली–** स्विस अन्तर्राष्ट्रिय विमान सेवाको एउटा विमानले उडान भर्न लाग्दा इञ्जिनमा आगलागी भएपछि उडान स्थगित गरिएको छ । उक्त घटनामा कम्तीमा छ जना यात्रु घाइते भएका छन् ।

यो घटना आइतबार बिहान सबेरै इन्दिरा गान्धी अन्तर ाष्ट्रिय विमानस्थलमा भएको हो । दिल्लीबाट जुरिख जाँदै गरेको उडान बिहान करिब १ः०८ बजे धावनमार्गमा थियो ।

विमानमा कूल २३२ जना (२२४ यात्रु र चार शिशुसहित) सवार थिए । आगलागी भएपछि सबै यात्रुलाई तुरुन्तै सुरक्षितरूपमा बाहिर निकालिएको थियो । घाइतेहरूलाई स्थानीय निजी अस्पतालमा भर्ना गरिएको छ ।




विमानस्थल प्रशासनका अनुसार घटनापछि पूर्ण आपत्काल घोषणा गरिएको थियो । विमान सेवाका अनुसार चालकले उडान रोक्दै सावधानीका रूपमा यात्रुहरूलाई बाहिर निकाल्ने निर्णय गरेका थिए । सम्बन्धित विमान ठूलो आकारको यात्रुवाहक विमान रहेको बताइएको छ। घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको छ। *रासस/सिन्ह्वा*

# कोलम्बियामा बम आक्रमणः १४ जनाको मृत्यु, ३८ भन्दा बढी घाइते



**बोगोटा–** कोलम्बियाको काउका विभागस्थित काजिबियो नगरपालिकामा शनिबार भएको बम आक्रमणमा १४ जनाको मृत्यु भएको छ भने ३८ जना घाइते भएका छन् ।

रिपोर्टका अनुसार काली र पोपायान जोड्ने पान-अमेरिकी राजमार्गको एल टुनेल क्षेत्रमा गुडिरहेको बसमा बम प्रहार गरिएको थियो, जसले बसको छाना र झ्यालहरूमा गम्भीर क्षति पुऱ्याएको छ । साथै राजमार्गमा पनि नोक्सानी भएको देखिन्छ ।

प्रत्यक्षदर्शी चालकहरूका अनुसार हतियारधारी व्यक्तिहरूले एक ट्रक र बस अपहरण गरी सडक अवरुद्ध बनाएका थिए र ती सवारीसाधनहरूमा एक विद्रोही समूहसँग सम्बन्धित नाराहरू लेखिएका थिए ।

काउका विभागका गभर्नर अक्टाभियो गुज्मानले यसलाई नागरिकमाथिको अन्धाधुन्ध आक्रमण भन्दै कडा निन्दा गरेका छन् र सुरक्षा निकायहरू घटनास्थलमा खटिएको जानकारी दिँदै प्रभावित क्षेत्रमा जनताको सुरक्षा सुनिश्चित गर्न राष्ट्रिय सरकारलाई ठोस कदम चाल्न आग्रह गरेका छन् । *रासस/सिन्ह्वा*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – २९९२०० / प्रति तोला – ० / प्रति तोला – ४९९५



**अल्लोको रेसा** | दाङको घोराही उपमहानगरपालिका-१३ स्थित विश्वासिलो अल्लो धागो तथा कपडा उद्योगमा धागो बनाउन प्रशोधनपछि घाममा सुकाइएको अल्लोको रेसा । *तस्बिरः रासस*

# सरकारले पहिचान गर्‍यो ऊर्जा क्षेत्रका १३ चुनौती

## लगानी विविधीकरण तथा कानुनी सुधार गर्नुपर्ने निष्कर्ष

■ **रमेश लम्साल**




**काठमाडौं–** सरकारले मुलुकको ऊर्जा क्षेत्रमा विभिन्न १३ चुनौती रहेको ठहर गर्दै त्यसलाई समाधानका लागि प्रभावकारी पहलकदमी एवं लगानी विविधीकरण तथा कानुनी सुधार गर्नुपर्ने निष्कर्ष निकालेको छ । वितरण प्रणालीको क्षमता र गुणस्तर कमजोर हुनु, औद्योगिक क्षेत्रमा गुणस्तरीय तथा विश्वसनीय विद्युत् आपूर्तिको अभाव हुनुलाई चुनौतीका रूपमा लिएको छ ।

यस्तै, सरकारले घरायसी तथा व्यावसायिक क्षेत्रमा बढी विद्युत् खपत गर्ने उपकरणको प्रयोगमा वृद्धि गर्नु, कृषि, सिँचाइ तथा औद्योगिक क्षेत्रमा विद्युत् प्रयोग वृद्धि गर्नु र विद्युतीय सवारी चार्जिङ पूर्वाधारको अभाव हुनु पनि चुनौतीका रूपमा रहेको छ । त्यसैगरी, डेटा सेन्टर, हरित हाइड्रोजन, मल उत्पादन गर्ने उद्योग, आधुनिक इँटाभट्टाजस्ता विद्युत् खपत गर्ने सघन उद्योगको न्यून विकास हुनु, आन्तरिक विद्युत्को माग पूर्ति भएपश्चात् बचत भएको विद्युत्लाई निर्यातयोग्य वस्तुका रूपमा द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजारमा पुर्‍याउनु रहेको छ । यसका लागि आन्तरिक तथा अन्तरदेशीय प्रसारणलाइन तथा सम्बद्ध संरचनाहरूको पर्याप्त विकास गर्नु पनि चुनौतीका रूपमा रहेको सरकारी निष्कर्ष छ ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार पारेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' मा विद्युत्को आन्तरिक माग पूर्ति तथा क्षेत्रीय बजारको आवश्यकताअनुसार निर्यात गर्न उपयुक्त ठूला जलाशययुक्त जलविद्युत् आयोजनाको विकास गर्नु जरुरी छ । छिमेकी मुलुकको नीति तथा नियम र नेपालको विद्युत् उत्पादन र आयात निर्यातसम्बन्धी नीति तथा प्रक्रियाबीच सामञ्जस्यता कायम गर्नु, विद्युत् व्यापारमा निजी क्षेत्रकोसमेत सहभागिता गराउन कानुनी व्यवस्थाको अभाव हुनु पनि चुनौतीका रूपमा रहेको निष्कर्ष निकालिएको छ ।

नेपालमा उत्पादित विद्युत्को उच्च लागतका कारणले छिमेकी मुलुकको विद्युत् बजारमा प्रतिस्पर्धी हुनु, नेपालको राष्ट्रिय ग्रिड प्रणालीलाई छिमेकी मुलुकको ग्रिड प्रणालीस्तरमा विकास गर्नु, नेपालमा प्रतिस्पर्धी विद्युत् बजारको विकास गरी छिमेकी देशको विद्युत् बजारसँग सम्बन्धित प्रणाली निर्माण गर्नु पनि चुनौती रहेको मन्त्रालयको निष्कर्ष छ ।

जलविद्युत्लाई निर्यातयोग्य वस्तुका रूपमा विकास गरी वार्षिक व्यापार घाटा न्यूनीकरण गर्ने उच्च सम्भावना हुनुलाई सरकारले अवसरका रूपमा लिएको छ । यातायात, घरायसी तथा औद्योगिक क्षेत्रमा विद्युत् विस्तार गरी आन्तरिक खपत उल्लेख्य रूपमा वृद्धि गर्ने सम्भावना हुनु, देशमै उत्पादित स्वच्छ विद्युत् ऊर्जाको प्रयोगमार्फत दीर्घकालीन ऊर्जा सुरक्षा सुनिश्चित गर्ने आधार हुनुलाई अवसरका रूपमा लिइएको छ ।

आन्तरिक खपतपश्चात् बचत हुने विद्युत्लाई द्विपक्षीय, उपक्षेत्रीय तथा क्षेत्रीय बजारमा निर्यात गर्ने पर्याप्त सम्भावना हुनु, नेपाल र भारतबीच भएको दीर्घकालीन विद्युत् व्यापार सम्झौताबमोजिम १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने स्पष्ट आधार तयार हुनु पनि अवसरका रूपमा रहेको छ । नेपालमा विद्युत् उत्पादन उच्च हुने याममा छिमेकी राष्ट्र भारत तथा बंगलादेशमा ऊर्जा माग उच्च रहनु र सो याममा उच्च विद्युत्दर प्राप्त गर्नसक्ने सम्भावना छ ।

कार्बन शून्यको लक्ष्य राखेका छिमेकी मुलुकका लागि नेपालको जलविद्युत् हरित ऊर्जाको रूपमा आकर्षक विकल्प हुनु, खनिज इन्धनको प्रतिस्थापन गरी विदेशी मुद्रा बचत तथा शोधनान्तर स्थिति बलियो बनाउने विषयलाई मन्त्रालयले अवसरका रूपमा चित्रण गरेको छ । जलवायु वित्त तथा कार्बन बजारमा पहुँच वृद्धि गर्ने अवसर हुनु, ऊर्जा सघन उद्योगजस्तै डेटा सेन्टर, हरित हाइड्रोजन, रासायनिक मल कारखाना आदिको विकासमार्फत ऊर्जामा आधारित अर्थतन्त्र निर्माण गर्न सक्ने सम्भावना हुनु पनि अवसरका रूपमा रहेको छ ।

सरकारले सन् २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत एक हजार ५०० युनिट पुर्‍याउने र कूल जडित क्षमता २८ हजार ५०० मेगावाट पुर्‍याउने लक्ष्य राखेको छ । त्यसमध्ये १३ हजार ५०० मेगावाट आन्तरिक खपतका लागि र १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य छ । सरकारले तय गरेको 'ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३' अनुसार विद्युत् ऊर्जा निर्यातमा अपेक्षितरूपमा वृद्धि हुने छ । व्यापार घाटामा उल्लेख्य कमी तथा राष्ट्रिय अर्थतन्त्रमा ऊर्जा क्षेत्रको योगदानमा उल्लेख्यरूपमा वृद्धि हुनुलाई अपेक्षित उपलब्धिका रूपमा लिइएको छ ।

रणनीति कार्यान्वयनमा आएपछि प्रतिव्यक्ति विद्युत् खपत करिब एक हजार ५०० युनिट पुग्नुका साथै सतप्रतिशत जनसंख्यामा भरपर्दो विद्युत् पहुँच सुनिश्चित हुने छ । विद्युत् निर्यात बढ्दै औसत निर्यात दर र राजस्वमा वृद्धि हुने छ । आन्तरिक खपत भई बचत हुने विद्युत्को प्रभावकारी बजार व्यवस्थापन सुनिश्चित हुने छ । यस्तै, वातावरणीय प्रदूषणमा कमी आउने तथा दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुग्ने छ । *रासस*

# फलामखानीको थप अनुसन्धान गरिँदै

**काठमाडौं (प्रस)–** खानी तथा भूगर्भ विभागले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) हुप्सेकोट गाउँपालिका-५ स्थित धौवादीमा करिब १० करोड मेट्रिकटन फलामको कच्चा पदार्थ (धाउ) रहेको प्रक्षेपण गरेको छ ।

विभागका विज्ञले विभिन्न चरणमा गरेको अध्ययन तथा अनुसन्धानबाट स्थानीय नाम्जाकोटदेखि धौबादी क्षेत्रसम्म फैलिएको करिब १० किलोमिटर भूभागमा फलामको 'विलेड' पाइएको हो । फलामको व्यावसायिक उत्पादन गर्ने उद्देश्यले 'धौवादी फलाम कम्पनी लिमिटेड' स्थापना गरिएको छ । कम्पनीले फलाम भण्डारको थप अनुसन्धान गरिरहेको जनाएको छ ।

करिब ४१ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको उक्त फलाम खानीबाट ६० वर्षसम्म दैनिक एक हजार ५०० टन फलाम उत्पादन गर्ने क्षमता रहेको कम्पनीका निर्देशक शैलेशकुमार थापाले जानकारी दिए । उक्त परियोजनाबाट वार्षिक पाँच लाख टन फलामजन्य वस्तु उत्पादन गर्न सकिने भन्दै उनले त्यसले देशको मागको करिब २५ प्रतिशत आयात प्रतिस्थापन गर्ने बताए । हाल खानी सञ्चालनपछि वातावरणमा पर्ने असरबारे पर्यावरणीय प्रभाव मूल्यांकन भइरहेको निर्देशक थापाले बताए । विस्तृत परियोजना रिपोर्टको काम छिट्टै सुरु हुने पनि उनले जानकारी दिए ।

हाल खानीसम्म पुग्नका लागि पूर्वाधार तथा सडकको स्तरोन्नति भइरहेको छ । खानी सञ्चालनले स्टिल उद्योग विकास तथा ठूलो संख्यामा रोजगारी सिर्जना हुने र फलामको आयात अपेक्षा गरिएको छ । कार्यालयका अर्का निर्देशक दिलिपकुमार झाले खानी सञ्चालन भएका स्वदेशी पुँजी स्वदेशमै परिचालन भएर राष्ट्रको समृद्धि हासिल गर्न सघाउ पुग्ने बताए ।

# सरकारी ठेक्काको विवरण हेरफेर आरोपमा थप दुई जना पक्राउ

**काठमाडौं (प्रस)–** सार्वजनिक खरिद अनुगमन कार्यालयको 'इ-गभरमेन्ट प्रोक्युरिमेन्ट' प्रणालीमा अनधिकृत पहुँच पुर्‍याइ विभिन्न ठेक्काको विवरण हेरफेर गरेको आरोपमा थप दुई जनालाई पक्राउ गरिएको छ ।

केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले आइतबार कल्पवृक्ष बिल्डर्स प्रालिका सञ्चालक प्रकाश ढुंगाना र इन्कोन प्रालिको सेयरधनी तथा लेखापाल स्वदेश पोखरेललाई पक्राउ गरेको हो । ढुंगानालाई काठमाडौं महानगरपालिका-१६ बालाजु र पोखरेल महानगरपालिका- ३२ पेप्सीकोलाबाट पक्राउ गरिएको हो ।

सरकारी ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नुअगावै आर्थिक प्रस्तावको 'डकुमेन्ट' परिवर्तन गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको र दुवै जनाविरुद्ध प्रहरीको साइबर ब्युरोमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा मुद्दा दर्ता गरिएको ब्युरोले जनाएको छ । ब्युरोका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले दुवै जनामाथि संगठित अपराध विवरण ऐन, २०७० अन्तर्गतको कसुरमा थप अनुसन्धान भइरहेको जानकारी दिए ।

यसअघि सोही कसुरमा कालिका कन्ट्रक्सनका सञ्चालक एवं राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता विक्रम पाण्डे र भीषण कन्ट्रक्सनका टंककुमार श्रेष्ठलाई शुक्रबार पक्राउ गरिएको थियो । हालसम्म उक्त मुद्दामा नौ जना शंकास्पद व्यक्तिलाई पक्राउ गरी अनुसन्धान भइरहेको ब्युरोले जनाएको छ ।

# महिला चेम्बर र हस्तकला महासंघबीच सहकार्यसम्बन्धी सम्झौता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल महिला चेम्बर र नेपाल हस्तकला महासंघबीच हस्तकला प्रवर्द्धन, महिला उद्यमशीलता सशक्तीकरण तथा सांस्कृतिक सम्पदा संरक्षणका लागि सहकार्य गर्ने उद्देश्यले सम्झौता गरिएको छ ।

सम्झौताअनुसार दुवै संस्थाले नेपाली कला, संस्कृति, हस्तकला तथा अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र अन्तर्राष्ट्रियकरणमा संयुक्त रूपमा काम गर्ने प्रतिबद्धता जनाएका छन् । विशेषगरी महिला उद्यमीलाई सशक्त बनाउने, उनीहरूका उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउने र नयाँ पुस्ताका हस्तकलाकर्मीलाई दक्ष बनाउने कार्यक्रम सञ्चालन गरिने सम्झौतापत्रमा उल्लेख छ ।



दुवै पक्षबीच प्रदर्शनी, व्यापार मेला, बि-टु-बी कार्यक्रम, सांस्कृतिक आदानप्रदान तथा तालिममार्फत बजार विस्तार गर्ने सहमति भएको छ । साथै उच्चस्तरीय प्रदर्शनी, प्रवर्द्धन परियोजना र तालिमसम्बन्धी सूचनाहरू आदानप्रदान गर्दै सहकार्यलाई थप प्रभावकारी बनाइने छ ।

महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठ र महासंघका अध्यक्ष रवीन्द्र शाक्यले आइतबार सम्झौतामा हस्ताक्षर गरे । सम्झौतामा दीर्घकालीन साझेदारी विकास गर्दै नेपाल तथा विदेशमा नियमित प्रदर्शनी र 'रोड-सो' आयोजना गरी प्रत्यक्ष बजार पहुँच विस्तार गर्ने लक्ष्य पनि राखिएको छ ।

सो अवसरमा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले नेपाल हस्तकलाको क्षेत्रमा विश्वमै अग्रपंक्तिमा रहेको उल्लेख गर्दै नेपालको हस्तकला व्यवसाय व्यापारसँगै सिर्जनात्मक शिल्प तथा कला कौशलतासँग पनि जोडिएको बताए ।

महिला चेम्बरकी अध्यक्ष श्रेष्ठले यस सहकार्यले नेपाली हस्तकला क्षेत्रलाई अन्तर ाष्ट्रियस्तरमा स्थापित गर्न तथा महिला उद्यमीहरूको क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको बताइन् । महासंघका अध्यक्ष शाक्यले नेपाल महिला चेम्बरसँगको सम्झौताले हस्तकला उद्योगको प्रवर्द्धन र महिला उद्यमशीलता विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

# काँकडभिट्टाबाट सात हजार ६४२ पर्यटक भित्रिए

**झापा–** पूर्वीनाका काँकडभिट्टाबाट विभिन्न देशका सात हजार ६४२ पर्यटक नेपाल भित्रिएका छन् । अध्यागमन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को नौ महिनामा उक्त संख्यामा पर्यटक नेपाल आएका हुन् ।

साउनदेखि चैतसम्म ८१ मुलुकका पर्यटकले यो नाकाहुँदै नेपाल आएका कार्यालयका प्रमुख तुलसी भट्टराईले जानकारी दिए । नेपाल प्रवेश गरेका पर्यटकमध्ये सबैभन्दा बढी भुटानी नागरिक रहेका छन् । उक्त अवधिमा चार हजार १५४ जना भुटानी पर्यटक नेपाल आएका छन् ।

भुटानपछि अमेरिका, थाइल्याण्ड, अस्ट्रेलिया र संयुक्त अधिराज्य (बेलायत)का पर्यटक धेरै संख्यामा नेपाल आएका कार्यालयको अभिलेखमा उल्लेख छ । अमेरिकाबाट एक हजार ६१२, थाइल्याण्डबाट ५२५, अस्ट्रेलियाबाट २२९ र बेलायतबाट १८२ जना नागरिक नेपाल घुम्न आएका कार्यालयका प्रमुख भट्टराईले बताए । नेपाल आउने पर्यटकले लुम्बिनी, पोखरा, काठमाडौं, चितवन, गोर्खालगायत प्रमुख पर्यटकीयस्थल जाने बताउने गरेको उनले जानकारी दिए ।

आउनेमात्र नभएर पर्यटकले नेपालबाट अर्को मुलुक प्रस्थान गर्नका लागिसमेत यो नाका प्रयोग गर्दै आएका छन् । सोही अवधिमा काँकडभिट्टा नाका भएर नौ हजार ९४२ पर्यटक यहाँबाट बाहिरिएको तथ्यांक छ ।

आव २०८१/८२ को साउनदेखि चैतसम्ममा भने यहाँबाट आठ हजार ७० जना पर्यटक भित्रिएका थिए । चालु आवको सोही अवधिमा आगमन भएका पर्यटकको संख्यामा ४२८ ले कमी आएको छ ।

चालु आवको चैत महिनामा यो नाका भएर एक हजार छ जना पर्यटक नेपाल प्रवेश गरेको र एक हजार ५४३ जना प्रस्थान गरेको कार्यालयले जनाएको छ । यस अवधिमा छ हजार ६९१ वटा पर्यटक भिसा, १२४ वटा नातेदार भिसा, २६ वटा वैवाहिक भिसा र ३६ वटा गैरआवासीय भिसा जारी गरिएका छन् । भिसा जारी गरेबापत दुई करोड ८० हजार रूपैयाँ राजस्व संकलन भएको कार्यालयले जनाएको छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ